# “भूमि जीवन हो, भूमि शक्ति हो”
# नेपालमा भूमिहीनता, परिवर्जन र रोक

## परिचय

विश्वका गरीबमध्ये करिब एक भाग भूमिहीन भएको मानिन्छ । ग्रामीण क्षेत्रको अवस्था जुन प्रायः गरिबी र भोकमरीको राम्रो आङ्कलन हो । भूमि र त्यसको स्रोतको पहुँच, भू-उपयोग सुरक्षा, स्वामित्व र भूमिको नियन्त्रण र भूमिको वितरण वा नामसारी गर्ने अधिकारको क्षमता मौलिक मानव अधिकार हुन् र ती प्रायः आदिवासी, जनजाति र निश्चित संस्कृतिका मानिसहरुसँग सम्बन्धित छन् । भोकमरी, स्वास्थ्यको खतरा, घरविहीन अवस्था र शोषणपूर्ण श्रम अवस्थासहितका भूमिहीनताको सामाजिक र आर्थिक असरले जमिन्दार र राज्य दुवैबाट बढ्दो शोषणका अवस्थाहरु सिर्जना गर्छ ।

नेपालमा भूमिहीनता गहिरो खाडलमा रहेको र फैलिएको समस्या हो । जुन भारी कर लगाइए पनि अझै निर्भर र कमजोर किसान वर्गबीच सामन्त भूमि व्यवस्थाको लामो इतिहास, राजनैतिक सज्जनता र पक्षपातको लामो इतिहासमा जरा गाडेर बसेको छ । निर्णायक रुपमा बिगारिएको भूस्वामित्व नमूनाहरु गम्भीर छुवाछुत भएको र कठोर उच-नीच समाजबाट जन्मिएको हो, जसले महिला, अल्पसंख्यक जनजाति, जातीय समूह र विशेषगरी तल्लो जाति (उल्लेख्य रुपमा दलित) लाई समावेश गर्दैन । १९५० को सुरुतिर यो व्यवस्था निर्मूल पार्न जागरुकता र चासो बढे पनि राजनीतिक अदूरतर्शिताका कारणले कुनै पनि संरचनाको महत्व बुझाइमा कमी भएकाले दुई शताब्दीअघि रहेका शक्ति केन्द्रहरु नै अहिले पनि विद्यमान छन् ।

भूस्वामित्व परिचय, शक्ति, सम्पत्ति र राजनीतिक पहुँचको मुख्य सूचक हो । तैपनि नेपालको जम्मा  जनसंख्याको करिब २५ प्रतिशत भूमिहीन वा झण्डै भूमिहीन हुने अवस्था रहेको छ : कृषि घरपरिवारको तल्लो ४७% ले कृषि जमीनको नियन्त्रण राख्छन्, माथिल्लो ५% ले ३७% भन्दा बढीको नियन्त्रण राख्छन् । भूमिहीनताको मानव अधिकार परिणामको दस्तावेजले संघर्षको बृहत् सीमा प्रकाश गर्छ । नेपालमा भूमिहीनताको चित्रण, भाडाका किसानहरुको मजदुरी अवस्था र भर्खरै २००२ र २००८ मा शोषणबाट पूर्ण मुक्त भएका बधुवा किसानहरुको करिब बन्धित रहेका अवस्थाहरु, समय-समयमा अनिश्चित र प्रायः विध्वंश रुपमा हुने विस्थापन, जातीय र आदिवासी समूहको परम्परागत स्रोतहरु (जस्तैः माछापालन र वनजंगल) मा पहुँचको कमी, पानी र खाद्य स्रोतको पहुँचमा कमी, प्रहरी र न्यायालयको पहुँचमा असक्षमता र भूमिहीन जनसंख्याको अधिक अंशमा रहेका महिला, दलित, जनजाति र धार्मिक अल्पसंख्यक तथा जातीय समूहविरुद्ध हुने अधिक भिन्नताले गर्छ ।

नेपालको बहुसंख्यक जनसंख्यालाई भूमि र त्यसको स्रोतको पहुँचबाट अलग भएकाले दस वर्षे माओवादी जनयुद्ध जन्माएको बिसौं शताब्दीको अस्तव्यस्ततालाई प्रोत्साहित गऱ्यो जसले “जोताहालाई भूमि” दिने सुधारको कुरा उठायो ।

२००६ मा माओवादी र सरकारबीच भएको बृहत शान्ति सम्झौता, हाल कार्यान्वयन भइरहेको अन्तरिम संविधान २००७ र यस्तै अन्य गठित संरचनाले भूमि अधिकारका निम्ति लड्ने र भूमिहीन जनसंख्याले भोगिरहेका समस्याहरुसँग दृढ भएर संघर्ष गर्ने उद्देश्य लिएका छन् । तैपनि माओवादीको राज्यशक्तिमा उदय (र, त्यसपश्चात् अवरोहण) पछि नीति, कानुन र कार्यान्वयनमा थोरै मात्र परिवर्तन भएको छ । जारी राजनीतिक अस्थिरताले गर्दा भूमिहीनतासँग सम्बन्धित अनेक कारण र समस्याहरुसँग समकालीन रुपमा कार्य गर्ने क्षमतामा निश्चय पनि असर पुऱ्याइरहेका बेलामा, भूमिहीनता त्यो विषय हो, जसले अस्थिरतालाई मद्दत गरिरहेको छ । यसले यो सुझाव दिन्छ कि भूमिहीनताको अन्त्य र यसका नतिजाहरु, सरकारको आफ्नो इच्छामा रहेको छ । देश संक्रमणकालीन अवस्थामा भएकाले नेपाल भूमिहीन मानिसहरुको सुरक्षा गर्ने र भूमिहीनतासँग सम्बन्धित दुरुपयोग रोक्न बलियो संयन्त्र निर्माण गर्नुका साथै विगतका अन्यायहरुको पनि सम्बोधन गर्ने अनौठो परिस्थिति छ ।

दसवर्षे द्वन्द्वले अस्तित्वमा रहेको भूमिका समस्याहरुमा उत्साह दिए पनि भूमिहीनता नेपालको अनौठो समस्या होइन : ग्रामीण क्षेत्रमा जनसंख्या वृद्धि, खण्डीकरण, भूमि प्रयोगको परिवर्तन, वातावरणमा  आउने ह्रास, द्वन्द्व र प्राकृतिक प्रकोपका असरहरुका कारण भूमि उच्च दबाबमा आउने हुँदा ग्रामीण भूमिहीनता विश्वव्यापी रुपमा बढ्दै छ । सुरक्षण भूमि अधिकारबिना व्यक्ति र समुदायहरु खाद्य, बसोबास, पानी र स्वास्थ्यसहितका मौलिक

अधिकारको अनुमान गर्न नसकिने र पहुँच सुरक्षित गर्न नसकिने रुपमा विस्थापनको निरन्तर त्रासमा बाँच्छन् । तैपनि भूमिमा अधिकार र अन्तर्राष्ट्रिय मानव अधिकारको संरचनामा भूमि पहुँचको वृहत् प्रयोगमा केही अनिश्चितता रहेको छ ।

भूमिमा पहुँच भूमिहीन समूहका कारण सान्दर्भिक बन्धन सिर्जना गर्ने अधिकारहरुको दायरामा असर गर्ने जटिल विषय हो । तैपनि 'भूमि अधिकार' हरु अन्तर्राष्ट्रिय कानुनी संरचनामा बारम्बार संकेत गरिए पनि, निश्चित समूहहरुका लागि भूमि अधिकार निश्चित गरिएको, भूमिलाई अधिकारहरुको दायराका निम्ति अनिवार्य रुपमा परिचित गरिएको र भूमिको पहुँचसँग सम्बन्धित विषयलाई अन्तर्राष्ट्रिय कानुनमा साझा नीतिले सुरक्षा दिए तापनि, भूमि अधिकारको स्पष्ट चिन्तन हुन अझै बाँकीछ । नेपालको अवस्थाको निरीक्षण गरेर यो अध्ययनले सुझाव दिन्छ कि, अन्तर्राष्ट्रिय समुदायले यो सीमित स्रोतको महत्वको पुनः भ्रमण गर्नुपर्छ र अवस्थित अनिश्चितता र मौलिक मानव अधिकारहरुमा असरको स्पष्ट रुपमा पहिचान गर्नुपर्छ ।

नेपालको नक्सा

*मे २००९ र अप्रिल २०१० मा Crowley टोलीहरु भूमिहीन समुदाय, अगुवा, जमिन्दार, कानुन व्यवसायी र नीतिनिर्मातासँग अन्तर्वार्ता गर्न काठमाडौंलगायत बाँके, डडेल्धुरा, दाङ, कैलाली, नवलपरासी र रुपन्देही जिल्ला पुगे ।*

यो प्रतिवेदनले सन् २००८ र २०१० बीचमा अन्तर्राष्ट्रिय मानव अधिकार संरचनामा भूमि अधिकारको अध्ययन गर्न र नेपालमा असमान भूमि पहुँचको असर बुझ्न Fordham University School of Law को अन्तर्राष्ट्रिय कानुन र न्यायका निम्ति Leitner Centre ले लिएको परियोजनाको पराकाष्ठाको प्रतिनिधित्व गर्दछ ।

Fordham का प्रतिनिधिले मे २००९ र मार्च २०१० मा अन्तर्वार्ता सञ्चालन गर्न र भूमि पहुँचको असमानताकोप्रभाव संकलन गर्न नेपाल भ्रमण गरे । Fordham प्रतिनिधिहरु Fordham Law School का जेम्स केइनन र मार्था रेनर, Drexel University Earle Mack School of Law का प्राध्यापक अनिल कल्हान र Durham Law School का प्राध्यापक डा. ओइफ नोलनसँगै अन्तर्राष्ट्रिय मानव अधिकारमा २००८-०९ Crowley Fellow, एलिजाबेथ विकरीले नेतृत्व गर्नुभएको थियो । प्रतिनिधिहरुमा Fordham Law School दोस्रो वर्षका आठ विद्यार्थीहरु पनि थिए- अमल बौहाबिब, कोरी कलाब्रेसे, मिली क्यान्टर, बेन्जामिन गोल्डस्टिन, नउसिन केताबी, गणेश कृष्ण, डेभिड-मण्डेल एन्थोनी र अमिशा शर्मा ।

मे २००९ मा तथ्य-खोज भ्रमण अगाडि, प्रतिनिधिहरुले नेपालमा मानव अधिकार सम्बन्धी गोष्ठीसहित शैक्षिक वर्षभरि प्रबल कार्यक्रमहरुमा सहभागी भए । नेपालमा प्रतिनिधिहरुले ५०० भन्दा बढी भूमिहीनहरु वा नेपालको तराई र पहाडी जिल्लाका भूमि-गरीब व्यक्तिहरुको व्यक्तिगत र सामुहिक अन्तर्वार्ताहरु सञ्चालन गरे र भूमिको अपर्याप्त पहुँचको असर न्यायको पहुँचसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुमा रहेको निष्कर्ष निकाले । प्रतिनिधिहरुले भूमिअधिकार सरोकारवालाहरु, सामुदायिक नेताहरु, स्थानीय र राष्ट्रिय सरकारी पदाधिकारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, गैरसरकारी र अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरु, वकिल, न्यायाधीश र शिक्षकहरुको पनि अन्तर्वार्ता लिए ।

प्रतिवेदनले यो अनुसन्धानको प्रयासका खोजहरु प्रस्तुत गर्छ । कृषि विकासको सम्बन्धित विषय, नवगठित विशेष आर्थिक क्षेत्रहरुमा गैरराज्य कार्यकर्ताको प्रभाव र माओवादी द्वन्द्वकालमा जमिन्दारहरुले कब्जा गरेका जग्गा फिर्ता गरिएको दाबीसहितका नेपालमा भूमि स्वमित्वका अन्य धेरै सान्दर्भिक विषय यो परियोजनाको कार्य सीमा बाहिर थिए । प्रतिवेदन र अध्ययन भूमिमा अपर्याप्त पहुँचको भूमिहीन बसोबास, खाद्य, पानी, रोजगारका अधिकार र न्यायको पहुँचसहितका मानव अधिकारमा पर्ने असर निरीक्षण गर्नमा केन्द्रित थियो । प्रतिवेदनमा चार भाग समावेश छन् । भाग १ ले नेपालमा भूमि अधिकारको कानुनी संरचना र राजनीतिक अवस्थाको पृष्ठभूमि प्रदान

गर्दछ र घरेलु कानुनको विस्तृतीकरण गरी त्यसको विविध त्रुटिको संश्लेषण गर्दछ । यसले कानुनी बन्देजका बावजुद हुने लैंगिक, जात, जातीय विभेदको पृष्ठभूमि प्रस्तुत गर्छ । भाग २ ले अधिकारहरुको दायरामा सामाजिक-आर्थिक अधिकारमा असर र यसको असर भएको सहभागीको थप शोषणको त्रासका सम्बन्धमा महत्व दिएर भूमिहीनताको असर सम्बन्धी प्रतिनिधिहरुको खोज प्रस्तुत गर्छ । भाग ३ ले अन्तर्राष्ट्रिय कानुनी संरचनामा भूमि अधिकारको स्थानलाई महत्व दिन्छ । यसले अस्तित्वमा रहेको दुरी स्पष्ट "भूमि अधिकार" को कमी र त्यसको असर प्रस्तुत गर्छ र भूमि पहुँचमुनि रहने सम्बन्धित मानव अधिकारको पनि निरीक्षण गर्छ । अन्तिम भागले नेपाल सरकार, नागरिक समाज साथै अन्तर्राष्ट्रिय समुदायहरुलाई केही निष्कर्ष र सुझावहरु प्रस्तुत गर्छ । संविधान निर्माण कार्य जारी रहेको बुझेर सुझाव, वास्तविक र प्रभावकारी हुने सम्भावित तरिकाहरु दिइएको छ । सरकारलाई अन्तरिम संविधान र विभिन्न सार्वजनिक आवेदनमा भूमिहीनताको समस्या सम्बोधन गर्न सुझाव दिन्छ र यी परिवर्तनहरुले प्रतिनिधिहरुले भेटेका धेरै भूमिहीन मानिसलाई राहत प्रदान गर्छ भन्ने आशा लिएर सरकारलाई साथ दिन्छ ।

कृतज्ञता

The Leitner Center ले नेपालमा विभिन्न व्यक्ति र संस्थाहरुको योगदान र सहायताबाट फाइदा लियो । सर्वप्रथम, The Leitner Center सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेत र जगत देउजा, जबलसिंह तिरुवा, छविलाल छाउरा र चाहना चित्रकारसहित केन्द्रका क्षेत्रीय र जिल्ला संयोजकहरु र काठमाडौंका कर्मचारीहरुलाई कृतज्ञता व्यक्त गर्न चाहन्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सामुदायिक र व्यक्तिमा हाम्रो पहुँचमा सहयोग पुऱ्याई आफ्नै ज्ञान, दृष्टिकोण र शक्तिका कथाहरु बाँड्यो । हामी उहाँहरुप्रति एकदमै आभारी छौं । अन्य विभिन्न व्यक्तिहरुले नेपालमा हाम्रो कार्यलाई प्रशंसनीय रुपले सहयोग गर्नुभयो । निश्चित रुपमा हामी श्री दिनेश त्रिपाठीलाई बार संघको सम्बन्धमा सहयोग गर्नुका साथै नेपालको सर्वोच्च अदालतका न्यायाधीशहरुलाई भेट्ने अवसर प्रदान गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छौं । हामी कानुन विद्यार्थीहरु र प्राध्यापकहरुलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौं जसले सूचना संकलनमा सहयोग प्रदान गर्नुभयो र यो प्रतिवेदन तयार पार्नमा सहयोग पुऱ्याउने लेखहरु बनाउनुभएकाले कानुन विद्यार्थीहरुलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

अन्त्यमा, सबैभन्दा महत्वपूर्ण रुपमा हामी नेपालमा सयौं पुरुष र महिलाहरुलाई धन्यवाद दिन चाहन्छौं, जसले हामीलाई भेट्न आफ्नो कार्य-समयबाट समय निकाल्नुभयो, जुन प्रायः अवस्थामा आवश्यक ज्यालाको काम हुन्थ्यो । हामी उहाँहरुप्रति आफ्नो कथा, अनुभव र संघर्ष उदार भएर हामीसँग बाँड्नुभएकोमा निकै आभारी छौं । निश्चित रुपमा हामी विभिन्न भूमिअधिकार आयोजकहरुलाई धन्यवाद दिन्छौं, जसले आफ्नो कथा र चुनौतीहरु बाँड्नुभयो । ठूला चुनौतीहरुका अगाडि उहाँहरुको दृढ साहसले हामीलाई निरन्तर हौसला दिइरहने छ ।

१. नेपालमा भूमि अधिकारको कानुनी र राजनीतिक अवस्था

“भूमि “मोही (Tenants)” को हुनुपर्छ । सामन्ती व्यवस्थाको नियन्त्रणमा भएको भूमि जफत गरिनु पर्छ र भूमिहीन र घरबारविहीनलाई बाँडिनु पर्छ ।”

क. पृष्ठभूमि

राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले नेपाललाई अति कम विकसित मुलुक (LDC) मा वर्गीकरण गर्दछ । अति गरीब मुलुक, नेपालको आर्थिक र मजदुर शक्ति भारी रुपमा कृषिमा निर्भर छ । त्यसकारण भूमि स्वामित्व आर्थिक अस्तित्व र उत्पादनको आधारभूत स्रोत हो । भूमि सामाजिक र राजनीतिक रुपमा पनि महत्वपूर्ण छ र यसले सम्पत्ति र शक्तिको सूचकका रुपमा पनि भूमिका निवाह गर्छ । भूमिले शिक्षादेखि पानी, बिजुलीसम्मका विभिन्न सामाजिक, राजनीतिक र आर्थिक लाभसँग सम्बन्धित क्षेत्रमा असर गर्छ । नेपालको अतिबाह्य भूगोलले तैपनि कम्तीमा ७५% भूमि खेतीको निम्ति अयोग्य बनाउँछ । त्यसमाथि अर्थपूर्ण रुपले समायोजन नभएका कानुन र नीतिले असन्तुलित भूस्वामित्वको अवस्था सिर्जना गरेको छ ।

बिसौं शताब्दीको नेपाली इतिहास राजनीतिक संघर्ष, कृषक जागरण र द्वन्द्वले ओतप्रोत छ । यो द्वन्द्व प्रायः प्राकृतिक स्रोतहरुको नियन्त्रणसँग जोडिएको छ र निश्चित रुपमा भन्दा स्वामित्व, नियन्त्रण र भूमिको अधिकारसँग सम्बन्धित छ । राज्यले आधा शताब्दीभन्दा बढी समयदेखि भूमि असमानताबारे सम्बोधन गर्न खोजे पनि कार्यक्षेत्र र कार्यान्वयन दुवैमा भूमिसुधार कानुन र कार्यक्रमहरु एकदमै असफल भएका छन् । फलस्वरुप विभिन्न उन्मूलनभन्दा अपकृष्ट भएको पृष्ठस्थ परिवर्तन मात्र भएका छन् । नतिजा यो छ कि भूमि र कृषिले अहिले पनि गरिबी र अन्याय बढाउनेमा ठूलो भूमिका खेलिरहेका छन् जस्तो तिनले सय वर्ष अगाडि गर्थे र सामन्ती भूमि वंशको असमानताले निरन्तर रुपमा नेपालको जनसंख्याको ठूलो भागलाई शासन गरिरहेका छन् । स्थायी संविधानको समयसीमाको अन्त्य मे २०११ मा सारिएकाले नेपालको कानुनी संरचनामा २००७ को अन्तरिम संविधान, अपेक्षाअनुरुप सफल हुनसकेको छैन । यसमा बृहत असमानता सुरक्षा, भेदभावविरुद्ध नीति र वास्तविक मानव अधिकारहरुको प्रभावकारीसंख्या समावेश गरिएका छन् ।  संविधानले सीमित रुपमा भए पनि, खाद्य र उचित शिक्षाको अधिकारसहितका कैयौं आर्थिक अधिकारहरुको सुरक्षा गर्छ । यसले सम्पत्तिको अधिकार पनि प्रदान गर्छ र राज्यलाई भूमि सुधारमा प्रयत्नरत राख्न विभिन्न नीतिहरु प्रदान गर्छ ।

भूमि सुधारको माग धेरै समय अघिदेखि नेपालमा राजनीतिज्ञहरुद्वारा प्रदर्शनीको नाराको विषयका रुपमा प्रयोग भएको छ : १९९६-२००६ द्वन्द्व क्रममा माओवादीले “सामन्तीका बन्धन तोड्ने” उद्देश्य भएको आफ्नो ‘ग्रामीण’ क्रान्तिको लडाइँ भएको भनी चित्रण गरे । २००६ मा माओवादी र सरकारबीच भएको सहमतिमा भूमिसुधार नीति र “सामन्ती भू-स्वामित्व” को अन्त्य पनि समावेश थियो । औपचारिक रुपमा तीन सफल प्रधानमन्त्री पाइसकेको २००८ मा गठन भएको नयाँ नेपाल सरकारले पूर्व सरकारले निरन्तर रुपमा आफैंलाई भूमिसुधारमा प्रतिबद्ध राखेको छ । तैपनि नेपालको इतिहासमा अत्याचारयुक्त भू-नीतिभन्दा माथि उठ्ने नीति निर्माण र वास्तविक भूमि सुधारमा क्रियाशील राख्न नसकेको अवस्थामा वर्तमान सरकार सफल हुने हो वा होइन, हेर्न बाँकी छ ।

ख. नेपालका अन्तर्राष्ट्रिय दायित्वहरु

दस वर्षे जनयुद्धको मानव र आर्थिक अधिकारहरुको घाउबाट अझै उठ्दै गरेको नेपालले गम्भीर सुरक्षा, गरिबी र मानव अधिकारको चुनौतीहरुको सामना गरिरहेको छ । संयुक्त राष्ट्र संघको एक सदस्य र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा अन्तर्राष्ट्रिय समझदारी  (International Covenant on Economic, Social and Cultural Rights (ICESR). नागरिक र राजनीतिक अधिकारमा अन्तर्राष्ट्रिय समझदारी (International covenant on Civil and Political Rights, ICCPR), सबै प्रकारका जातीय विभेदको अन्त्य सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (International Covention on the Elimination of All Forms of Racial Piscriminationb, CERD) र नारीविरुद्ध हुने सबै प्रकारका विभेदको अन्त्य सम्बन्धी सम्मेलन (Convention on the Elimination of All Forms of Discrimination

Against Women EDAW) समावेश भएको आठमध्ये सात आधारभूत अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन गरेको नेपाल अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरुको दायरामा पर्छ। नेपालको अन्तर्राष्ट्रिय दायित्वहरुले नेपाल सम्झौता ऐन (Nepal Treaty Act) द्वारा लागु गरिए अनुसार घरेलु कानुनमा पनि कार्यान्वयन हुने पक्ष निर्माण गर्छन्। यो ऐनले सम्झौता अनुरुप नहुने नेपाली कानुनको योजना शुन्य हुने पनि व्यवस्था गरेको छ। एक निर्बल राज्य, रासं (UN) संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) र मानव अधिकार उच्चआयोग (OHCHR) को काठमाडौं कार्यालय र अन्य स्थलगत कार्यालय र कार्यक्रमहरुमा गहिरो रुपमा सम्बन्धित रहेको छ। नेपाल कैयौं अन्तर्राष्ट्रिय अनुदान संस्थाहरु, दाता एजेन्सीहरु र अन्य गैरसरकारी संस्थाहरुको कार्यथलो पनि हो। भूमि तथा स्थायी अधिकारसँग सम्बन्धित सान्दर्भिक दायराको मानव अधिकारका तत्व स्पष्ट पार्नु, समय सान्दर्भिक छ र यसले भूमिहीनताविरुद्ध लड्न प्रभावकारी नीति विकासमा प्रोत्साहित गर्छ।

आधारभूत मानव अधिकार सम्झौतासँगै नेपालले अन्तर्राष्ट्रिय श्रमिक संगठन (ILO) अन्तर्राष्ट्रिय श्रमिक अधिकारको सुरक्षा गर्ने आठमध्ये सात सम्झौता पारित गरेको छ। महत्वपूर्ण रुपमा २००७ मा, नेपाल आदिवासी अधिकारको सुरक्षा गर्ने सम्बन्धमा आईएलओ सम्मेलन न. १६ पारित गर्ने बीसमध्ये एक राष्ट्र बन्यो। सम्मेलनअनुसार नेपालसँग आफ्नो कानुन, नीति र कार्यक्रममा सम्मेलनका कार्ययोजना ल्याउन एक वर्ष थियो, जसमा आदिवासी मानिसहरुको रोजगार, स्वास्थ्य र शिक्षाको अधिकार समावेश गर्छ। सम्मेलनले आदिवासी मानिसहरुको आफ्ना पुर्ख्यौली भूमिको अधिकारको सुरक्षा गर्ने पर्याप्त नीति पनि समावेश गर्छ।

भूमिले खाद्य उत्पादन पानीको पहुँच र घरघडेरीको आवश्यक स्रोतको रुपमा एकदमै निश्चित रुपले विभिन्न सामाजिक आर्थिक अधिकारमा असर गर्छ। ती अधिकारहरु संचालन गर्ने आधारभूत अन्तर्राष्ट्रिय समझदारी ICESCR हो, जसका आधारमा राज्यका पार्टीहरु "अधिकारको पूर्ण ज्ञान सुधारमूलक रुपमा आत्मसात" गर्ने उद्देश्यका साथ उपलब्ध स्रोतको अधिकतम प्रयोग गरेर पाइला चाल्न बाध्य हुन्छन्।

अन्तर्राष्ट्रिय कानुन र निष्कर्षहरुले निरन्तर पुष्टि गरेका छन् कि आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरु सबै बराबर हुन् र एकअर्कासँग सम्बन्धित छन् र निलाई एउटै रुपले प्रतिक्रिया जनाउनु पर्छ। तैपनि कानुनले मिलाए पनि, विवादहरुले तिनलाई अधिकारको छुट्टै वर्गका रुपमा विभाजन गर्छन् कि तिनीहरुको भिन्न प्रकृति, विषय र दायरामा कार्य हुन्छ र केही क्षेत्र र समालोचकद्वारा निरन्तर रुपमा छुट्याइएको छ। अझ विभिन्न क्षेत्रले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुमा समान सुरक्षा दिँदैनन् र ती अधिकारहरु प्रायः अन्तर्राष्ट्रिय कुराकानीमा छेउ लगाइन्छन्।

यसकारण, हरेक मुख्य समझदारीका नियमभित्र सुधारमूलक विरुद्ध अत्यावश्यक रुपमा भिन्नता बनाइएको छ। यो विवरण बावजुद, ICESCR का सदस्यहरुसँग ICCPR जस्तै निरन्तर हुने अत्यावश्यक प्रभावको कर्तब्य पनि छ। यी गैर-विभेदका कर्तशयहरु हुन् र "सबै उचित माध्यम" को प्रयोग गरेर "कदम चाल्नुपर्ने" कर्तब्यहरु हुन् जुन कानुन पारित गर्नुभन्दा धेरै ठूलो हुन्छ। यी कदमहरु समझदारी लागू भइसकेको छोटो समयमै चालिनु पर्छ र क्षेत्रहरु वास्तविकतातर्फ "जतिसक्दो शीघ्ररुपमा प्रभावकारी तरिकाबाट लाग्नुपर्छ।" CESCR ले थप उल्लेख गरेको छ कि क्षेत्रहरुमा "अधिकारहरुको कम्तीमा न्यूनतम आवश्यक स्तरहरुमा सन्तुष्टी पक्का गर्न "न्यूनतम आधार" छन्, सीमा जसका केही CESCR बाट रेखांकित गरिएको छ।

आर्थिक सीमा भएकाले पनि नेपालसँग अत्यावश्यक र निरन्तर प्रभावका दायराहरु छन्। त्समाथि, समझदारीको धारा २ ले उल्लेख गर्छ कि कदमहरु "व्यक्तिगत रुपमा अन्तर्राष्ट्रिय सहायता र सहकार्यबाट लिइनु पर्छ। CESCR ले त्यसैले राज्यभित्रै र अन्तर्राष्ट्रिय समुदायमा रहेका स्रोतहरुसहित अधिकतम उपलब्ध स्रोतको व्याख्या गरेको छ। नेपालसँग विश्वासले आफू सदस्य भएको अन्य मानवअधिकारका समझदारी लागू गर्नुपर्ने जिम्मेवारी छ।

ग. ऐन संग्रहित विभेद

नेपाल जातीय र भाषिक विविधता भएको देश हो र बीसौं शताब्दीको अन्त्यतिर व्यवस्थापिकाको प्रगतिका बावजुद जातजाति र लैंगिक आधारमा विभेदहरु सदियौंदेखि ऐन संग्रहित छन्। निश्चित रुपमा जातीय

व्यवस्थाभित्र व्यक्तित्वको स्थान उसको सामाजिक र राजनीतिक पहुँच र शक्तिको बलियो सूचक हो । तल्लो जाति नेपाली (विशेषगरी दलितहरु) लाई जन्मबाटै वर्जित गर्ने सामाजिक उचनीच व्यवस्थाको 'ऐतिहासिक' र धार्मिक आधार छन्, जसले विभेदलाई औपचारिकता प्रदान गर्छ र अधिकारका बृहत क्षेत्रमा असर गर्छ । भारतीय जाति व्यवस्थासँग धेरै समानताहरु भए पनि नेपालमा जातले शक्ति सम्बन्धको छुट्टै प्रकार छ । देशभरि नै विविधता छन् र देशभर रहेका फरक भाषाभाषीहरुमा केही दलित समूहहरुको अन्यभन्दा सामाजिक स्तर उच्च भए पनि दलित समूहहरुसहित आन्तरिक विभेद छन्, जसले सामाजिक सम्बन्धहरुमा जटिल अवस्था सिर्जना गर्छ ।

कहिलेकाहीँ "आदिवासी," "जनजाति समुदाय" वा "आदिवासी" भनिने जातीय मानिसहरुको "जाति व्यवस्थामा मध्यस्थ स्थान छ । उनीहरु प्रायः गैर-हिन्दू, गैर-नेपाली भाषी हुन् र उनीहरुसँग निश्चित आन्तरिक सामाजिक संरचना छन् । तैपनि धेरै क्षेत्रहरुमा जातीय समूहहरु दलितहरुभन्दा माथिल्लो स्थान ओगटे पनि उचनीच व्यवस्थाको तल्लो स्तर नजिक छन् ।

विविध उपविभाजनसहित चार-जात  व्यवस्थालाई मुलुकी ऐन, १८५४ को राष्ट्रिय कानुनले ऐन संग्रहित गरेको थियो । यसले तल्लो जातका व्यक्तिहरुलाई कानुन उल्लंघन गरेमा कडा सजाय दिने व्यवस्था गरेको थियो र विवाह, शारीरिक सम्बन्ध र सम्पर्क सम्बन्धी अन्तरजातीय र अन्तर-सामुदायिक सन्दर्भ समावेश गरेको थियो । ऐनले विशेषगरी सम्पत्ति अंशवण्डा र पारिवारिक सम्बन्धहरुको विषयमा लैंगिक विभेदलाई पनि संस्थागत गऱ्यो । धर्म, वर्ण, लिंग वा जातका आधारमा हुने विभेदविरुद्ध रोक, पहिलो पटक १९५१ संविधान-नेपालको दोस्रो संविधानबाट ऐन संग्रहित भएको छ । त्यसको नीतिले राज्यबाट हुने विभेद मात्र हटायो तर निजी व्यक्तिबाट हुने र सामाजिक विभेद हटाएन । तयसपछिका संविधानमा सुरक्षाहरु प्रबल रुपमा बढ्दै गए तर ती व्यापकताभन्दा टाढै रहे । त्यसमाथि, कानुनमै सम्पत्ति अंश अधिकारमा रोक, रोजगार, स्वासथ्य, शिक्षा र पारिवारिक सम्बन्धहरुका विषय र आमा नभई बाबुको नागरिकताबाट सन्ताको परिचय हुने नागरिकता सम्बन्धी विभेदपूर्ण कानुनसहितका कैयौं कानुनहरु विभेदपूर्ण थिए । राणा शासनको अन्त्यपछि विभेदविरुद्ध आन्दोलनहरु बढे तर पञ्चायत ('निर्दलीय' प्रजातन्त्र) का वर्षहरुमा विकास र राष्ट्र निर्माणको बाधा भएको भनी सरकारले जात र जातीय क्षेत्रहरुबीच संगठनलाई निरुत्साहित गऱ्यो । जनआन्दोलन र १९९० को संविधानमा बहुदलीय प्रजातन्त्र स्थापनापछि मात्र राजनीतिक वा जातीय र अन्य धारहरु संगठित भएका हुन् । विगतका दस्तावेजहरुको तुलनामा १९९० को संविधान धेरै नै समावेशी थियो । यसले स्पष्ट रुपमा जात र लिंगका आधारमा हुने विभेदमा रोक लगायो । त्यसमाथि, १९९० पश्चात् विभेदपूर्ण कानुन र नीतिहरुको लडाइँमा अदालतहरु बढी सक्रिय भए । हाल कार्यान्वयनमा रहेको अन्तरिम संविधान २००७ ले अहिलेसम्म विभेदहरुका विरुद्ध सशक्त सुरक्षा प्रदान गर्छ तर अन्तर्राष्ट्रिय कानुनभित्र नेपालको कर्तब्यको तुलनामा यो अझै अपुग छ । यसले धर्म, वर्ण, लिंग, जात, जाति, जनम, भाषा वा दशृनका आधारमा हुने विभेदमा रोक लगाउँछ र महिला अधिकारको सुरक्षामा यसमा विविध प्रभावकारी नीतिहरु छन् । यसमा प्रजनन स्वास्थ्य अधिकारको सुरक्षा गर्ने, छोरा र छोरी दुवैको समान अंशको अधिकार र संवेदनशील जनसंख्या (महिला, दलित, जनजाति र किसान) हरुका निम्ति सामाजिक न्याय समावेश भएको नीतिहरु छन्, जसमा समान समावेशी नीतिको आधारमा राज्य सञ्चालनमा सहभागिताको अधिकार पनि पर्छ । नारीविरुद्ध हुने हिंसामा पनि रोक लगाइएको छ । संविधानको विगतका लेखहरुको तुलनामा यी धाराहरु सशक्त भए तापनि सुरक्षाहरु अझ दृढ बनाउन सकिन्छ ।

घ. नेपाली कानुनमा भूमि र सम्पत्ति

१. परम्परागत कानुनी संरचना : राज्यको जमिन्दारिता

क. रैकर प्रथाको पृष्ठभूमि

मध्य १९०० सम्म, नेपाल राज्य स्वामित्व भूमिको स्वामित्व भएको शक्ति केन्द्र र सीमित किसान अधिकारबाट चित्रण भएको सदियौं पुरानो भू-उपभोग व्यवस्थाबाट चल्थ्यो । बिसौं शताब्दीको दोस्रो भागदेखि नै सुधारको प्रयास भए तापनि प्रथा व्यापक रुपमा अपरिवर्तित नै रह्यो र त्यसको राज्य-केन्द्रित संरचनाको असर आजको संरचनामा पनि देख्न सकिन्छ । परम्परागत संरचना, विस्तारवादी राज्य प्रशासन र स्वतन्त्र व्यक्तिहरुको सीमित

अधिकारहरुबाट परिचित थियो । त्यसमाथि शाही साम्राज्य र राणा वंशले प्रायः शाही परिवार, सरकारी कर्मचारीहरु र उनीहरुका परिवारहरु र सम्बन्धित बफादारीको विश्वस्तताका रुपमा दिइने दान र अनुदानका कारण शाही परिवारसँग सम्बन्ध नभएको वा राज्यका लागि उच्च पदमा काम नरेको नेपालका पुस्ताहरु भू-स्वामित्वबाट पूर्णरुपमा वर्जित भए । धेरै परम्परागत व्यवस्थाहरुले नेपालमा आधुनिक भू-उपयोगमा भूमिका खेल्ने भएकाले, त्यो संरचनाको पृष्ठभूमि महत्वपूर्ण छ ।

परम्परागत व्यवस्थामा आधारभूत रुपमा दुई उपभोग व्यवस्था समावेश थिए, रैकरका रुपमा बुझिने राज्यको जमिन्दारिता जसमा राज्यले सबै भूमिको स्वामित्व राख्थ्यो र एकल बिक्री, धितो वा ऐच्छिक अनुदानबाट हस्तान्तरणको अधिकार राख्थ्यो । किपत एक सामुदायिक भूमि स्वामित्वको रुप हो, जहाँ भूमिमा परम्परानुरुप अधिकारको परम्परागत विचारहरु लागू हुन्छन् । १७६८ मा एकीकरणपश्चात् प्रायः भूमि रैकर प्रथामा थियो, जसको अर्थ यो हो कि भूमिको कानुनी स्वामित्व राज्यसँग हुन्थ्यो र ती राज्यको नेतृत्वबाट बिक्री, धितो र व्यक्ति वा संस्थालाई प्रयोगिक अनुदानमार्फत् मात्र छोड्न सकिन्थ्यो । तैपनि एक छुटबाट त्यस्ता भूमि अनुदान राज्यले फिर्ता लिन वा जफत गर्ने विषय हुन्थे । अनुदान नभए,रैकर जग्गामा बस्ने र खेती गर्ने राज्यका मोही (Tenants) हरु थिए, जसले भूमिमा बाली लगाउने अधिकारका सट्टामा वार्षिक भूमि कर तिर्थे । रैकर प्रथा तीन उप-प्रथाहरुबाट चल्यो: बिर्ता (उच्च वर्गहरुलाई दिइएको अनुदान जसले उनीहरुको सम्पत्ति र शक्तिको संयोजन गर्‍यो), गुठी (धार्मिक र परोपकारी संस्थाहरुबाट दिइने अनुदान) र जागिर (राज्यका कर्मचारीहरुको सेवा अनुसार दिइएको अनुदान) । त्यसैले रैकर प्रथाका विभिन्न प्रकारहरुले जमिन्दारहरुको सानो समूहको हातमा आर्थिक र राजनीतिक शक्तिको संयोजन गर्‍यो र वर्ग विभाजनलाई मूर्तरुप दिन सहयोग गर्‍यो, जसकारण कृषक वर्गको मेहनतका बावजुद गैरकृषकहरुलाई भूमिको नियन्त्रण दिइयो ।

करिब दुई दशकसम्म रैकर संरचनामा केही मात्र परिवर्तन भयो, किनभने आफ्ना दुई ठूला छिमेकीहरुको तुलनामा नव-एकीकृत देशका लागि इमान्दारिता पक्का गर्ने र आयकर बढाउने यो एकदमै प्रभावकारी माध्यम थियो । समय बित्दै जाँदा शासक वर्गालई भूमि अनुदानको वितरण बढ्दै गयो । फलस्वरुप “गैरकिसान शक्ति” को वृद्धि सिर्जना भइरह्यो । १९५० सम्ममा जम्मा भूमिमा करिब एक तिहाई भाग बिर्ता अनुदानका रुपमा रह्यो ।

राणा शासनले जमिन्दारिताको अनुपस्थिति, मध्यस्थकर्ताहरु स्वेच्छिक अतिक्रमण र आय ठेकेदारहरुमार्फत व्यवस्थालाई आश्रय दिए । यी सबैले कृषि स्रोतहरुको शोषण गर्दै कृषक वर्गलाई आश्रित बनाई राखे । कर उठाउन उच्चपदस्थ व्यक्ति र तिनका नजिकका नियुक्ति गरी कर व्यवस्था पनि बिस्तारित बनाइयो, जसले सरकारबाट तोकिएभन्दा उच्च दर तिराउने “भूमि संकलकहरु” को वर्ग सिर्जना गर्‍यो, जो नाफा र खेतीयोग्य जमीनमाथि कब्जा जमाएर धनी भए । बढाइएको रकमबाट शोषण गरेर जमीन भूमि संकलकहरु त्यसपछि किसानलाई चुक्ता गर्न नसके भूमि जफतको शर्तमा उच्च व्याजदरमा ऋण दिन सक्ने भए । यो सँगै, कुत प्रथा ( निश्चित दरमा उपभोग) मुनि, किसानले आफ्नो समग्र उत्पादनबाट बाली नलागे पनि कुनै छुटबिना जमिन्दारलाई आधा दिनुपर्थ्यो ।

ख. मोही अधिकारहरु

रैकरमा, रैकर अनुदानका मालिक-जमिन्दारहरुले अस्थायी वा स्थायी जे भए पनि भूमि र भूमिमा काम गर्ने किसानको स्वामित्व राख्थे, जोसँग खेती गर्ने सीमित अधिकार थियो । फलस्वरुप अन्तरनिर्भरतामा, सम्पन्न वर्ग कृषि उत्पादनमा किसानमा निर्भर भए र भूमिमा आफूलाई निरन्तर रहन दिनका निम्ति कृषकहरु जमिन्दारमा निर्भर भए । केही क्षेत्रका विभेदमा झन् शोषणयुक्त प्रथाहरु समावेश थिए । कहिलेकाहीँ मुख्य बालीको दुई-तिहाईसम्म लिने जमिन्दारलाई बालीको ठूलो भागमा ढुक्क गराइए पनि उनीहरुले उत्पादन प्रक्रियामा कुनै पनि भूमिका निर्वाह गरेनन् । उनीहरुले बिउ, मल वा आर्थिक सहयोग केही पनि प्रदान गरेनन् । सम्पूर्ण प्रक्रिया किसानमा पर्थ्यो, जो कर, असुली वा भाडाका साथै बाली लगाउने खर्चको पनि जिम्मेवार थिए र जमिन्दारहरु शासकहरुसँग जोडिएकाले, किसान-मोहीहरु अति संवेदनशील स्थितिमा छाडिन्थे ।

प्रथाले गैरकिसानहरुलाई आवश्यक भूमि स्वामित्वको नियन्त्रण राख्न सक्षम बनायो । यसले जमिन्दारिताको वर्गिक प्रकृति बिस्तार गर्न र अनुपस्थित जमिन्दारिताको समस्यापूर्ण सम्बन्धहरुको नतिजा ल्याएको छ । जुन निरन्तर

रुपमा आज देशमा दुःखद भएररहेको छ, जहाँ जमिन्दार वा उनीहरुका कर्मचारीले आफ्नो मोहीलाई भाडा संकलनको समयमा मात्र सम्पर्क गर्छन् । नतिजा निश्चित वर्ग-आधारित व्यवस्था थियो, जसबाट कुनै समूह मात्र स्वामित्व अधिकारको निम्ति योग्य थियो र बहुसंख्यक नेपाली, प्रायः काम गर्ने, कृषक वर्गहरु कार्यगत रुपमा त्यस्ता अधिकारबाट छुटाइएका थिए । निःसन्देह नतिजास्वरुपको व्यवस्था भू-स्वामित्वको एकदमै बिग्रिएको रुपसँगै अति विभेदपूर्ण पनि थियो । प्रायः तल्लो जात, आदिवासी समूह र अन्य अल्पसंख्यक जनजातिहरु उल्लेख गरिराख्नु नपर्ने महिलाहरु-बधुवा मजदुरीरहित पूर्ण रुपमा अधिकारबाट बञ्चित गराइएर व्यवस्थाको थप शोषक पक्षमा संवेदनशील अवस्थामा छोडिएको थियो ।

ग. बधुवा मजदुर

परम्परागत व्यवस्थाभित्र समान भएका छुट्टै बधुवा मजदुरको प्रथा देखियो । प्रायः तल्लो जात वा आदिवासी समूहका मानिसहरुलाई उनीहरु बसेको स्थानका आधारमा बन्ध ऋणको रुपमा ल्याइएको थियो : कमैया (तराईको सुदूर र मध्यपश्चिममा बस्ने आदिवासी थारु समूहबाट), हलिया (मुख्यतः रुपमा दलितहरु जो पश्चिम पहाडी क्षेत्रमा पाइन्छन्) र हरुवा मुख्यतः दलित जो तराईका भूभागमा पाइन्छन् । रकमका रुपमा चिनिने अर्को प्रथामा काठमाडौं उपत्यका क्षेत्रमा सरकार-निर्मित निश्चित कार्यहरुको प्रस्तुतिका निम्ति सरकारबाट बाध्य गरिने ज्यालाबिनाको मजदुरी पर्छ । यी हरेक व्यवस्था लिइएको बन्ध ऋणबाट छुट पाइन्छ : व्यक्ति वा परिवारहरुलाई रकम वा भूमिको भाडाका रुपमा ऋण दिइन्छ, जुन केही समयपछि आफ्नो जमिन्दारको स्वामित्वमा रहेको जमिनमा बस्ने ऋणीले तिर्नुपर्छ । ऋणीहरु र उनीहरुका परिवारहरुलाई त्यसपछि कृषि मजदुरी वा केही अवस्थामा जमिन्दारको घरमा काम गरेर तिर्न बाध्य बनाइन्छ । यदि बधुवा परिवारहरुले आफ्नो आधारभूत आवश्यकता, स्वास्थ्य वा अन्य अकाल्पनिक खर्च पूरा गर्ने हो भने उनीहरु आफ्नो जमिन्दारबाट अझ बढी ऋण लिन बाध्य हुन्छन्, जसले उनीहरुको ऋण वृद्धि गर्छ ।

बन्ध ऋणले प्रोत्साहन गरेको वर्ग विभाजन अनुपस्थित जमिन्दार, मध्यस्थकर्ता, स्वेच्छिक अतिक्रमण र आय ठेकेदारहरुबाट आश्रित थियो, जुन सबैले कृषि स्रोतहरुको शोषण गर्दै कृषक वर्गलाई निर्भर राखी राखे । जन असाक्षरता र किसानहरुको अधिक संख्या (र, विभेद पनि) ले गर्दा स्तरोन्नतिमा बाधा पुऱ्याएको छ र यी हरेक कारणहरुमा संवेदनशीलता पनि उच्च बनाएको छ ।

बँधुवा प्रथा, २००२ मा कमैया मजदुर (निर्मूलन) ऐनले पनि ऋणहरु मिनाहा गरेर हलिया र हरुवा प्रथामा बन्धित व्यक्ति र परिवारहरुलाई मुक्त गरायो । ऐनले पूर्व बँधुवा मजदूरहरुका निम्ति केही भूमि वितरण पनि गऱ्यो । कागजमा गरिएका यी रोकका बावजुद Leitner Genter का प्रतिनिधिले अन्तर्वार्ता लिएका धेरै व्यक्तिहरुका अनुसार यी प्रथाहरुका केही पक्ष उनीहरुका जमिन्दारसँगको शोषणकारी सम्बन्धमा अझै रहेको छ ।

२. रैकरको अन्त्य : परिवर्तन र हालको अवस्था

क. पृष्ठभूमि

राज्यको फाइदा र रैकर भू-उपयोग व्यवस्थाको आश्रयको सम्पन्न शक्तिका बावजुद, बिसौं शताब्दीको मध्यतिर, राज्य मोही किसानहरुबीच बढ्दै गएको समस्याका कारण केही सुधार अवलम्बन गर्न बाध्य भयो । सबैभन्दा महत्वपूर्ण र प्रगतिील परिवर्तन भूमिसुधार ऐन १९६४ ("१९६५ ऐन") बाट आयो । एकदमै लाभदायक नभए पनि विशाल रुपमा कार्यान्वयन भएको ऐनले भूउपयोग संरचनामा परिवर्तनहरु ल्यायो । एघार पटक (हालसालै २०१० मा) परिमार्जन भएको ऐन आज नेपालमा भूमि अधिकारहरुको व्यवस्था गर्ने आधारभूत कानुनका रुपमा रहेको छ ।

निश्चित रुपमा भन्दा ऐनको भाषाले हालको राजनीतिक आन्दोलनको समाजवादी प्रभाव अँगालेको छ, जसले "खेतीयोग्य भूमिको समान वितरण" गर्ने एउटा उद्देश्य उद्घोष गर्छ । आजको मितिसम्म धेरै स्वामित्व अधिकारको नियन्त्रण र मोही/किसान सुरक्षाको सुनिश्चिततामा केन्द्रित रहेको छ । ऐनले भूमि स्वामित्वमा हकबन्दी, जमिन्दारलाई मुख्य बालीको ५०% मा तिरोको व्यवस्था लागू गरी मध्यस्थ कर संकलक (जिम्दारी प्रथा) मा रोक लगाई, मोही/किसान सुरक्षा कडा पारेर ग्रामीण क्षेत्रमा लगानी उत्पादनका निम्ति "अनिवार्य वचत कार्यक्रम" जस्ता उपायको थालनी गऱ्यो । अधिकारीहरुलाई आफ्नो भूमि प्रमाणपत्र देखाएर व्यक्तिहरुले आफ्ना अधिकारहरु निर्धारण गरे ।

ख. निजी सम्पत्ति अधिकारको उदय

१९६४ भन्दा अगाडि नै रैकर भएकाहरुको लागि निजी सम्पत्ति अधिकार उदाइसकेको थियो । १८५४ र १८६८ का बीच, कर व्यवस्था नियन्त्रण गर्ने हेतुले राज्यले अधिकार भएकाहरु, भू-स्वामित्व र भुक्तान रकम दर्ता गर्न सुरु गऱ्यो । यी लेखाहरु “भू-स्वामित्व अधिकारको अन्तिम प्रमाण” का रुपमा प्रयोग गरिएको थियो । भूमिलाई प्रभावकारी रुपमा उपयोगी वस्तु बनाएर यी अधिकारहरुलाई १९२१ ऐनले संग्रहित गऱ्यो ।

१९५१ मा राणा शासनको पतनपछिको राजनीतिक परिवर्तनको आगमनमा सहयोग गरेको नेपाली कांग्रेस पार्टीले जोताहालाई भूमि पुनर्वितरणको माग गर्दै भूमिसम्बन्धी विषय दृश्यमा ल्यायो । त्यस्तै, सम्पत्ति अधिकारहरु पहिलो पटक १९५१ को संविधानमा समावेश भए र १९६४ मा जिम्दारी प्रथा, १९५३ मा जागिर प्रथा र १९५१ को अन्तरिम संविधानमा रकम प्रथाको उन्मूलनसहित अन्य दशकमा सरकारी भूमि आयोगको सल्लाह बमोजिम निरन्तर सुधारहरु भए । सुरुवाती १९५७ को भूमि ऐनले रैकर भूमिको स्वामित्व भएकाहरुलाई “जमिन्दारको” नाम दियो । स्वेच्छिक अतिक्रमणमा रोक लगायो, तिरिएको तिरोका निम्ति आधिकारिक सम्झौता र भुक्तानीपत्र माग गरेर बालीको ५०% भाग तिरोका रुपमा लिने व्यवस्था अवलम्बन गऱ्यो । १९५९ को बिर्ता उन्मूलन ऐनले सबै बिर्ता अधिकारहरुको खारेज गऱ्यो, जसले तिनलाई पनि सामान्य कर व्यवस्थाको विषय बनायो । सबै बिर्ता वनजंगल र बाँझो भूमि राज्यमा फर्कायो र कृषिसम्बन्धी तिरो रकम वा जिन्सी बाहेकका अन्य तरिकामा ज्याला नदिइने मजदुरी र भुक्तानमा रोक लगायो । यी अग्रगामी र सुरक्षामुखी सुधारका बावजुद पनि अर्थपूर्ण रुपले धेरै कार्यान्वयन भएनन् ।

व्यवस्था अन्यथा सुधार नभएकाले निजी सम्पत्ति अधिकारहरुले भूस्वामित्व भएका शक्ति र भू-स्वामित्वबाट बर्जित गरिएका किसानबीच भिन्नता बढाउन थप सहयोग गऱ्यो । मोही अधिकारहरु छलफलबाट एकदमै पर थिए र दबाबमूलक अवस्था सुधारको कार्यबिना त्यसै रहिरहे । उनीहरुमाथि भूमिको अधिक क्षेत्रको नियन्त्रण राख्ने जमिन्दारको न्यायिक स्वामित्व थियो भने बहुसंख्यक मानिससँग एकदमै थोरै जमिनको टुक्रा थियो वा कत्ति पनि भूमिको स्वामित्व थिएन । र, गरीब किसानहरुले आफूले जोतेको भूमिमा अधिकारहरु गुमाए । वास्तवमा संरचनामा जोताहाको अधिकार र स्थानलाई एकदमै बेवास्ता गरिएको थियो । यो समस्या यो तथ्यबाट संरक्षित थियो कि धेरै किसान अत्यधिक तिरो/भाष र कुत नीतिहरुले निम्त्याएको ऋणी अवस्थामा र भूमि किन्नका लागि पर्याप्त उत्पादन गर्नभन्दा “जीविकाको रेखामा” बाँचिरहेका थिए । उपमा दिइएकाहरुलाई आफ्नो भूमि अप्रत्यक्ष रुपमा भूमि ऋणका रुपमा वा कर्जा मुक्त हुन प्रयोग गर्न दबाब दिइन्थ्यो ।

त्यही समय परम्परागत जनजातीय समुदायहरुको अवहेलना गर्दै र आफूले पहिला नियन्त्रण राख्ने भूमिको नीति कर लगाउँदै राणा सरकारले आदिवासी समुदायहरुको सामुहिक भूमिहरु र वनजंगलहरुको जफत गरेर त्यसलाई निजी सम्पत्ति जसरी शासक वर्गलाई वितरण गऱ्यो ।

१९५७ भूमि ऐनद्वारा संकेत हुन सक्ने परिवर्तन जस्तै अवस्था भए पनि कमजोर कार्यान्वयन र राजनैतिक इच्छाको कमीका कारण छोटो अवधिको रह्यो । त्यसमाथि, नेपाली कांग्रेस पार्टीले भूमिको विषय, जोताहालाई भूमिको पुनर्वितरणको पूर्वप्रतिज्ञाको सम्बोधनमा राजासँग निकै विवादमा रह्यो भने पछि उत्पादनको वृद्धिको लक्ष्यले निजीकरणमा जोड दियो । १९५९ मा नेकपाको चुनावले नेकपा नेता कोइरालाको विजयी भाषणमा प्रदर्शन भएअनुसार, जोताहाको विजयको संकेत गर्ने देखियो : “जोताहा एक्लैले जमिनको नियन्त्रण राख्नुपर्छ ।” चार दिनपछि राजा महेन्द्रले कांग्रेसलाई पदच्युत गरेर कोइरालालाई जेल चलान गरे ।

ग. भूमि बन्ध्याकरण

१९६४ भूमि सुधार ऐनले आफ्नो एक उद्देश्य “खेतीयोग्य जमीनको समान वितरण” भएको उद्घोष गरे पनि, “अचल पूँजी र देशको आर्थिक विकासको द्रुतगतिको निम्ति अन्य क्षेत्रमा जनसंख्याको दबाब” को विभाजन थियो । यसकारा, भूसुधार र मोही/किसान अधिकार, तिरो र ब्याज दर नियन्त्रण र स्वामित्वमा बन्ध्याकरण लागू गर्न सरोकारवालाहरुका कदमहरु औद्योगिक विकासका पूरै उद्देश्य उपप्रधान महत्वको थियो । त्यसैले ऐनले परम्परागत व्यवस्थाको केही घृणित प्रकृति हटाउन खोजे पनि यसले विभिन्न वर्गहरुबीच रहेको सम्पत्तिको सम्बन्ध परिवर्तन गर्न कमै चर्चा गऱ्यो ।

विशेषगरी भूमि पुनर्वितरण आफैंमा राम्ररी स्वीकार भएन, न त भूमि बन्ध्याकरणको न्यूनता अनुसार भूमि जफत अनुसार कार्यान्वयन भयो । प्रतिफल यस्तो भयो कि "वितरणको निम्ति जफत गरिएको भूमि अपेक्षित क्षेत्रको तुलनामा अति कम भयो ।" कार्यान्वयनमा भएको ढिलाइले ठूला भूमि नियन्त्रकहरुलाई तोकिएको सीमा उल्लंघनबाट बच्न परिवारका सदस्यहरुको नाममा नामसारी गर्न पर्याप्त समय दियो । अनुगमनको कमीले त्यसैले ठगीपूर्ण स्वामित्वको प्रयोगबाट जमीनको गैरकानुनी मान्यता निम्त्यायो । यता, अधिक भूमि अधिकारकर्मीहरुको निम्ति योजना बनाइयो, जोसमक्ष जोताहरुले भूमि प्राप्तिको लागि अपिल गरेका थिए । जफत गरेर वितरण नभएको प्रायः भूमि पन्ध्रदेखि बिस वर्षसम्म पनि मालिकहरुकै हातमा रह्यो । भ्रष्टाचार र बन्ध्याकरण सीमाको छानबिन गर्न १९७१ मा आयोग त बन्यो तर त्यसको कुनै कार्यान्वयन भएन ।
१९६४ ऐनको अन्तिम परिमार्जन २००१ मा भयो । यसले दर्ता गरिएको मोहीको नाममा ५०% भूमि वा सो समानको जिन्सी जाने र नियमित तिरो मुख्य बालीको ५०% ननाघ्ने शर्तमा, भूमि बन्ध्याकरणको सीमा कम गर्‍यो । कम गरिएको सीमा कार्यान्वयन भएको छैन ।

घ. अधिकार, दर्ता र "अदृश्य भूमिहीनता"

१९६४ भूमिसुधार ऐनमा मोही (Tanancy) सुरक्षाहरु परिवर्तनकारी र अप्रभावकारी दुवै थियो । ऐनले मोहीलाई "आफ्नो व्यक्तिगत वा आफ्नो परिवारसँगको श्रमले कृषिका निम्ति कुनै जग्गाधनीबाट जग्गा पाउने किसान" भनी परिभाषित गर्छ र २००१ मा दर्ता प्रक्रिया र आधा भूमिमा आधिकारिक अधिकारबाट मोहीको प्रमाणपत्रको व्यवस्था गरेको छ । यो योजनाले आङ्कलन गर्‍यो कि भूमि नभएकाहरुले ऐन थाहा पाएर, बुझेर यसभित्र पर्ने अधिकारहरुको अभ्यास गर्न अधिकारीहरुकोमा जानेछन् । जसमा तुलनात्मक रुपमा जमिन्दारहरुले उनीहरुलाई आफ्ना अधिकारहरुका बारेमा जान्न दिने मनसाय नभएको अवस्थामा एकदमै अशिक्षित र असाक्षर किसान वर्गको निम्ति सबै अत्यधिक आङ्कलन थियो । १९६४ मा ऐनभित्रका झण्डै २० लाख निवेदनहरुमा केवल ३१८,५९६ लाई पहिलो पटक वास्तविक मोहीका रुपमा दर्ता रियो । असाक्षर र सूचित नभएको सहित दर्ता गर्न असमर्थ भएका मोहीहरुले, सबै सम्भावित अधिकारहरु गुमाए । त्यसमाथि पनि १९६४ मा सुरुवाती परिचय कार्यक्रमपछि मोहीहरु दर्ता गर्ने कुनै पनि कार्य गरिएन । ताकि जमीन सम्पत्तिको रुपमा प्रयोग हुन नसक्ने गरी दर्ता भएकाहरुको निम्ति भूमिको अधिकार नामसारी गर्न मिल्ने थिएन । योसँगै भू-उपयोगलाई क्षीण रुपमा परिभाषित गरेर "दर्ता गरिएको" मोहीहरुको (सानो) वर्ग बनाएर ऐनले भूमिहीन जनसंख्या उल्लेख गरेन र असर पार्ने गरी दर्ता नभएकालाई अधिकारविहीन अवस्थामै छोडेर माथिल्लो गतिबाट बर्जित गर्‍यो ।
दर्ता भएका मोहीका निम्ति पनि यी सीमित अधिकारहरु गुठी जग्गाको किसानहरुका लागि रोकियो । १९७२ मा गुठी संस्था ऐनले गुठी स्वामित्व १९६४ ऐनले अघि सारेको मोही सुरक्षाका आधारमा ल्याउन प्रयत्न गर्‍यो तर कमजोर कार्यान्वयन र अनुगमनको कमीले गुठी व्यवस्थामा कुनै उल्लेखनीय परिवर्तन ल्याउन सकेन, जसले निरन्तर कर व्यवस्था सीमा बन्ध्याकरण र न्यूनतम मोही सुरक्षाको उल्लंघन गरिरहेको छ । १९७७ भूमि जफत ऐन ("१९७७ ऐन") ले राज्यले भूमि जफत गरेको अवस्थामा मोहीलाई प्रतिशतको व्यवस्थासहित क्षतिपूर्तिको अधिकार रक्षा गर्ने लक्ष्य लिएको थियो । तैपनि पारिश्रमिकको प्रयोगको निम्ति समान क्षतिपूर्तिको व्यवस्था भएन । १९७७ ऐनले त्यसपछि दर्ता नभएका किसानहरुलाई कुनै आश्रय दिएन ।
त्यसमाथि पनि मोहीलाई बाली लगाएको भूमिको एक चौथाई अनुदान दिने नीतिका कारण १९६४ को भूमिसुधार ऐनले, "दोहोरो स्वामित्व" जस्तो पहिले नदेखिएको नयाँ असमझदारी ल्यायो । नतिजास्वरुप आएको भूमिको प्रतिस्पर्धात्मक अधिकारहरुले पर्याप्त रुपमा मोही र जग्गाधनीबीचको विवादास्पद दाबी, अनधिकृत तिरोको उदय र पदलाई सम्मान दिन गरिने मोहीको अपहेलना र प्रायः भारतबाट आउने आप्रवासीहरुको बढ्दो प्रयोगका कारण... मोहियानी नीति अनुरुप कार्य नगर्नका निम्ति जमीन जोत्न, भूमिमा लगानी गर्न मोही र जग्गाधनीको अनिच्छासहितका विभिन्न समस्याहरु निम्त्याएको छ । १९६४ भूमि सुधार ऐनमा गरिएको २००१ को परिमार्जनले मोहीलाई आफूले जोतेको भूमिको ५०% मा आधिकारिक अधिकार प्रदान गर्‍यो । नीतिले त्यही समय दर्ता भएका धेरै नेपालीलाई फाइदा गरे पनि मानिसहरुलाई शिक्षित बनाउने कमै प्रयत्नहरु भए । त्यसैले प्रायःले त्यो नीतिका बारेमा कहिल्यै सुनेनन् । त्यही समय, जमिन्दारले अब मोहीको दर्ता र अधिकारहरुबाट छुट्नका निम्ति पुराना मोहीलाई हटाउन सिके ।

ङ. उपभोग सुरक्षा

१९६४ ऐनले स्वेच्छिक अतिक्रमण हटायो तर कृषि कार्यबाहेक बसोबासका निम्ति भूमिको प्रयोग गर्ने जमिन्दारको आग्रहमा मोहीलाई जबरजस्ती हटाउने अधिकारसहितका यसको बृहत अपवादहरुले फैलँदो अतिक्रमण निम्त्यायो । मोहीलाई मुद्दा दर्ता गर्न अनुमति थियो तर यो लिखित हुनुपर्थ्यो, जुन अधिक मात्रामा असाक्षर किसान वर्गको निम्ति अर्को बाधा हो ।

च. भूमिमा आदिवासी अधिकारहरु

१९५१ अगाडि नै प्रभावकारी रुपमा किपत नियन्त्रणहरु हटाइएको थियो । त्यसकारण आदिवासी समुदायहरुको भूमि जफत भएको थियो । १९६७ को परिभार्जनले बाँकी किपतलाई रैकर स्वामित्वमा परिवर्तन गऱ्यो । त्यसैगरी, १९७४ मा गौचरण भूमिको राष्ट्रियकरण ऐन (Nationalization of Grazing Lands Act) ले सबै दर्ता भए/नभएका चौरलाई राज्यमा निहित गऱ्यो । जसले चौर व्यवस्थापनमा आदिवासी व्यवस्थाहरुको बेवास्ता गऱ्यो ।

१९५७, निजी वन राष्ट्रियकरण ऐनसँग जोडिएर गौचर ऐनले आदिवासी मानिसहरुलाई वन र चौरहरुमा पहुँच दिने तर स्वामित्वता नदिने व्यवस्था गऱ्यो । १९९३ मा, यो संरचना वनजंगल ऐनमुनि स्थापित बनाइयो, जसले पुष्टि गऱ्यो कि वनजंगलहरु राज्यका सम्पत्ति हुन्, जसको व्यवस्थापन र प्रयोग राज्यमार्फत मात्र नागरिकलाई दिन सकिने छ ।

ङ. भूमि, द्वन्द्व र नयाँ नेपाल

१. पृष्ठभूमि

संसारको अन्य झैं भूमि इतिहासदेखि नै नेपालमा द्वन्द्वको स्रोत भएको छ । बिसौं शताबदीको नेपालमा भएका कैयौं जागरणहरु, प्रायः भूमि सुधारको माग वरिपरि आयोजना भएका थिए । पञ्चायतकालमा यी आन्दोलन रआंशिक द्वन्द्वमा बढे र विक्षिप्त हिंसात्मक संघर्षहरु निम्त्याए, जसमा किसानहरुले सरकारबाट अधिक दबाबको सामना गरे । १९९० मा जनआन्दोलन र बहुदलीय संवैधानिक प्रजातन्त्रले भूमिसुधारको लागि नयाँ आशामा नेतृत्व गऱ्यो तर यो चाँडै धमिलियो जब बाजाहरुको कार्यान्वयन नहुने स्पष्ट भयो । विश्वको अन्तिम हिन्दू राष्ट्रको अन्त्य निम्त्याएको १९९६ देखि २००६ को माओवादी सशस्त्र द्वन्द्व भूमि र स्रोतहरुको नियन्त्रणका निम्ति थियो । द्वन्द्वको समाप्तिमा, अन्तरिम संविधानले अहिलेसम्म नेपालमा सबैभन्दा बलियो मानव अधिकारको सुरक्षा प्रदान गरेको छ । भूमि सुधार नीति एजेन्डामा मात्र रहेको छ, उच्च राजनीतिकरणको अवस्थाले वास्तविक परिवर्तन अहिलेसम्म ल्याएको छैन ।

२. भूमि र द्वन्द्व

समाजको अधिक भागलाई भूमि र सम्बन्धित सामाजिक-आर्थिक अधिकारहरुबाट गरिएको वर्जिकरणले विशेषगरी १९४० को सुरुवातमा द्वन्द्व वृद्धि गर्न योगदान दियो । नेपाली कांग्रेस पार्टीको छोटो समयको विजय र १९५९ मा भूमिसुधारका मागहरुले न त १९६४ को भूमिसुधार ऐनबाट घोषणा गरिएको परिवर्तनले यी दबाबहरु हटाउन केही गऱ्यो । नतिजास्वरुप बिसौं शताब्दीमा किसान आन्दोलनहरु/अवैधानिक तिरो नीति र शोषणमा कहिले उग्ररुपमा र सरकारसँग विवाद गरेर केन्द्रित भए ।

१९९४ मा, भू-उपयोग नीतिको पुनरावलोकन गर्न र शोषण हटाएर कसरी उत्पादकत्व अत्यधिक बनाउने भनी बादल उच्चस्तरीय भूमिसुधार आयोगको स्थापना भयो । नेपालमा वास्तविक र अर्थपूर्ण भूमिसुधारको उत्कृष्ट ुझावहरुका निष्कर्षका कारण आयोगको प्रतिवेदनलाई अझै भूमिअधिकारकर्मीहरु र सरकारी कार्यकारीहरुले प्रयोग गर्छन् । यसमा मोहीअधिकारको सुरक्षा, दर्ता भएका मोहीहरुको स्वामित्व अधिकारहरु, मुख्य गुठी जग्गाको परिवर्तन, बधुवा मजदुरहरुको स्वतन्त्रता, कम भूमि बन्ध्याकरण र भूमि तहको स्थापना र संयन्त्रहरुको ठूला त्रुटिहरु समावेश थिए । यी सुझावका अंशहरु भूमिसुधार संशोधनहरुमा ऐन संग्रहित गरिए पनि तिनले अर्थपूर्ण कार्यान्वयनको कमीका कारण नेपालमा भूमिसुधारको अवस्थामा परिवर्तन ल्याउने कमै कार्य गरे । १९९० दशकभरि नै रहेको अस्थिरताले विशेष गरी संवेदनशील समूह र अल्पसंख्यकहरुका निम्ति कार्यान्वयनमा ढिलाइ गऱ्यो । माओवादी आन्दोलनका खाद्य, बसोबास, भूमि र शिक्षाको मुद्दाले सामाजिक र आर्थिक शक्तिबाट लामो समयदेखि बर्जित गरिएका नेपालका ग्रामीण जनतालाई आकर्षित गऱ्यो ।

सशस्त्र द्वन्द्वको सुरुवातअघि माओवादी पार्टीले अघि सारेको ४० बुँदे मागले नेपालका गरीबहरुको सट्टामा 'निजीकरण र स्वतन्त्रवाद' लाई महत्व दिएकोमा सरकारको आलोचना गऱ्यो । महत्वपूर्ण रुपमा निवेदनपत्रमा उल्लेख छ, "भूमि... 'मोही' को नियन्त्रणमा हुनुपर्छ । सामन्ती व्यवस्थाको नियन्त्रणमा रहेको भूमि जफत गरेर भूमिहीन र घरबारविहीनलाई वितरण गर्नुपर्छ ।

'जनयुद्ध' १९९६ को मध्य फेब्रुअरीमा सुरु भयो । द्वन्द्व सम्पत्तिको पुनर्वितरणको प्रयास मात्र थिएन र माओवादीहरुले धर्मनिरपेक्ष गणतान्त्रिक राज्य र नयाँ संविधानको पनि माग गरेका थिए । तर आक्रमण प्रायः जमिन्दार र शक्तिशाली सामाजिक कर्मचारीहरुमा लक्षित हुन्थ्यो । २००५ मा नेपाल एकीकृत कम्युनिष्ट पार्टी ( माओवादी) ('नेकपामा') को नेतृत्व गरेका पुष्पकमल दाहाल (सामान्य रुपमा प्रचण्ड) ले आन्दोलनलाई 'आधारभूत ... ग्रामीण' भनी चित्रण गरे । माओवादीले तराईमा भूमि नियन्त्रण गरी पुनर्वितरण गरे भने पहाडी जिल्लाहरु जहाँ भू-नियन्त्रणको रुप सानो थियो, उनीहरुले "सामूहिक कृषिको विकास र उत्पादनको परिवर्तन" को लक्ष्य लिए । आक्रमण प्रायः हिंसात्मक हुन्थ्यो र यसमा प्रायः बम बिस्फोट, कुटपिट र हत्याहरु हुन्थे । जसले मानिसहरुलाई घरबारविहीन र आफ्नो सम्पत्ति वा गाउँ फर्कन नसक्ने बनाउँथे । दसौं हजारको संख्यामा जमिन्दार र प्रायः सामान्य किसानहरु दुवै द्वन्द्वको नतिजास्वरुप त्रसित र विस्थापित भएका थिए ।

३. संक्रमणकाल र नेपालको नयाँ संविधान

नेपालको भूमि र जनताहरुमा दस वर्षे द्वन्द्वले निकै असर गऱ्यो । स्वेच्छिक हत्या, बन्दी र बलात्कारदेखि लिएर यातना र बेपत्ता पार्नेसम्मका मानव अधिकारका हनन भए । देशभरि नै भौतिक विनाशले पूर्वाधारहरु रोकिए, जसले द्वन्द्वको अन्त्यपछि पनि दैनिक जीवन कष्टकर बनायो ।

अन्ततः सरकार र माओवादीबीच २००६ मा "बृहद् शान्ति सम्झौता (बृशास)" सम्पन्न भयो र सरकारमा माओवादीको सहभागिता प्रदान गरियो । बृशास र २००६ को अन्तरिम संविधान दुवैले भूमिसुधार र समान पुनर्वितरणमा लाग्न प्रतिबद्धता जनाउँछन् । तर झण्डै चार वर्षपछि पनि कब्जा गरिएको भूमि र सम्पत्ति फिर्ताको विषय उच्च-विवादित र राजनीतिक रुपमा संवेदनशील रहेका छन् । बृशास र अन्तरिम संविधानले यो नीति अवलम्बन गरेका छन्- एकै प्रतिवेदनमा अन्य नीतिसँगै द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति फिर्ता हुनुपर्छ । यो विवाद शान्ति प्रयासमा माओवादी र सरकारबीचको राजनीतिक सम्झौताको नतिजा हो, जसमा दुवैले नेपालमा सुल्झाउन कठिन रहेका भू-नीतिमा आफ्नो अडान छोड्दैनन् । पूर्ण इच्छाबिना भएको १९५५ पूर्वको जग्गाधनीलाई भूमि फिर्ता गर्ने तयारी केही अवस्थाहरुमा राम्ररी कार्यान्वयन भएको छैन र अन्यमा माओवादीबाट भूमि "पुनर्वितरण" गरेको समुदायहरुले अहिले आफूलाई धोका दिइएको आरोप लगाउँछन् र उनीहरुलाई हटाउने (विस्थापित गर्ने) सरकारी प्रयासहरुको विरोध गर्दछन् । धेरै अवस्थाहरुमा विशेषगरी पूर्वी तराईमा जारी अस्थिरताको अर्थ यो हो कि जमिन्दारहरु फर्कन त्रसित छन् र काठमाडौंमा कमजोर राजनीतिक इच्छाको अर्थ धेरै भूमि द्वन्द्वपछिका मोहीहरुसँग हुनु हो । नागरिक समाजका अग्रणीले निर्क्योल गर्छन्, नेपाली कांग्रेस (जसले भूमि फिर्ताको माग राख्छन्) र माओवादी (जसले भूमि पुनरुद्धार शिविरहरुबाट माओवादी लडाकुहरुलाई पुनर्स्थापना गर्ने माध्यमका रुपमा प्रयोग गर्छन्) बीचको अन्तरद्वन्द्व अझ केही समय रहने छ ।

पहिलो १९४८ मा अवलम्बन गरेपश्चात् २००७ को अन्तरिम संविधान नेपालले तयार गरेको छैटौं संविधान हो । गणतान्त्रिक संविधानको आशा एकदमै उच्च थियो । मानव अधिकारहरुको सुरक्षा गर्ने नीति राख्न अन्तरिम संविधान पहिलो थिएन, तर यसको सुरक्षा सबैभन्दा अत्यावश्यक थियो । संविधानको भाग ३ मा रहेका पर्याप्त सुरक्षाहरुले नागरिक र राजनीतिक दुवै गरी सामाजिक आर्थिक अधिकार र यसको समानताको सुरक्षा गर्छ र गैरविभेद नीतिहरु वृहत छन् । भाग ४ मा संविधानले नीति र निर्देशिकाको शृङ्खला थप विस्तार भएको छ तर यी नीतिहरु अदालतमा पूर्णरुपले लागू हुने खालका छैनन् ।

भाग ४ का नीतिहरु कहिलेकाहीँ अधिकारहरुभन्दा लक्ष्यका रुपले तयार गरिएको छ । जहाँ राज्यलाई शिक्षा, स्वास्थ्य र रोजगारी समावेश भएको भाग ३ मा अधिकारहरु लागू गर्न निर्देशन दिइएको छ । त्यसैगरी भाग ४ लागू गर्न नसकिने नीतिले राज्यलाई "सबै विभेदपूर्ण कानुनहरुको खारेज गर्न, राज्य सम्मिलित अन्तर्राष्ट्रिय सम्झौता र समझदारी प्रभावकारी रुपमा कार्यान्वयन गर्न" आह्वान गर्छ ।

महत्वपूर्ण रुपमा संविधानले सम्पत्तिको स्पष्ट अधिकारहरुको नीति समावेश गर्छ, जसले स्थानीयको इच्छामा हुने "वैज्ञानिक भूमिसुधार" को अवसरमा वास्तविक जग्गाधनीलाई क्षतिपूर्ति लाग्ने ब्याज सन्तुलित गर्न खोज्छ । भूमिसुधार विषयमा राजनीतिक हठका कारण यस्तो प्रकृतिका सुधारहरु भएका छैनन् ।

नयाँ नेपालमा राज्य विशेषतः विभेदविरुद्ध र संवेदनशील जनसंख्याको अधिकारको उत्थानमा जान खोजिरहेको थियो । उदाहरणका लागि, संविधानले "अल्पसंख्यक भूमिहीन, सुकुम्वासी, बन्ध मजदुर, अपांगता भएका व्यक्तिहरु, पिछडिएका समुदाय र क्षेत्रहरु र महिला, दलित, आदिवासी जनजातिहरु, मधेशीहरु र मुस्लिमहरुसहित द्वन्द्व पीडितहरुको पक्षमा "सकारात्मक विभेद" लाई प्रोतसाहित गर्छ । त्योसँगै हालका वर्षहरुमा सरकारले आफ्नो राष्ट्र विकास योजनाहरुमा तिव्ररुपमा जात व्यवस्थाको प्रभाव कम गर्न खोजेको छ । उदाहरणका लागि, "पहुँच क्षेत्रमा एकै तह बनाउन" महिला निश्चित जात र जनजाति समूहहरु र ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका मानिसहरुका निम्ति "सकारात्मक कार्ययोजना" ल्याइएको छ । योजनाहरु अधिकार प्रदायकभन्दा उन्नति प्रदायक छन् । तैपनि यसमा निश्चित कार्यान्वयन, रणनीति, लैंगिक र जातीय विषय मूलधारमा ल्याउन संयन्त्र र पर्यवेक्षण संयन्त्रको कमी रहेको छ । त्योसँगै नेपालका सबै शीर्ष राजनीतिक पार्टीहरुले आफ्नो कार्यप्रणालीमा गैरविभेदका निम्ति प्रतिबद्धता समावेश गरेका छन् ।

उदाहरणका लागि, नेपाली कांग्रेस (नेका) ले विविध भाषा, संस्कृति र परुम्परासहित शिक्षामा मातृभाषाको प्रयोगको संरक्षण र प्रोत्साहनको प्रवर्द्धन गर्छ । एकीकृत मार्क्सवादी-लेनिनवादी (एमाले) ले निरपेक्ष राज्य र संविधानसभामा जनजातिहरुको आरक्षित स्थानको नीतिको समर्थन गर्छ । यी प्रतिबद्धताका बावजुद पनि स्थायित्वभित्रै जातीय र लैंगिक दुवैमा विविधताको कमी भइरहेको छ र मुख्य राजनीतिक पार्टीहरुको आन्तरिक संरचनाहरु उनीहरुको दाबीअनुरुप विविध नागरिकहरुको प्रतिनिधित्व गर्ने खालका छैनन् ।

कुनै पनि राजनीतिक पार्टीको केन्द्रीय समितिमा दलितहरुको प्रतिनिधित्व छैन । समिति सदस्यतामा महिला प्रतिनिधित्व १० प्रतिशतभन्दा कम छ र राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय समितिमा त्यस्तै २५ प्रतिशत जनजातिहरु छन् भने केवल १० र ३ प्रतिशत नेपालको समान जनसंख्यामा एक तिहाई भाग ओगट्ने भए पनि दुई मुख्य पार्टीहरु कांग्रेस र एमालेमा क्रमशः १० र ३ प्रतिशत प्रतिनिधित्व मात्र छ ।

२. नेपालमा भूमिहीनता : वर्जीकरणको असर

“भूमिहीन, बधुवा मजदुर र ग्रामीण किसानहरुसहित आर्थिक रुपमा विपन्न वर्गलाई भूमि प्रदान गर्ने र अन्य आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्ने नीति अपनाउन... दुवै पक्ष सहमत छन् ।”

“उनीहरुले सहयोग गर्छन् भन्ने हामीलाई आशा छैन । हामीले सहयोगको लागि धेरैपटक सरकारसँग अनुरोध गरिसकेका छौं । हामीले तथ्यांकहरु संकलन गरी सरकारलाई पठायौं र धेरैपटक प्रमाणपत्र लिने प्रयत्न गऱ्यौं तर हामीप्रति कसैले ध्यान दिएनन् । धेरै समस्याहरु छन् । केही मानिसहरुले मुम्बईमा आफ्नो देह बेचिरहेका छन् । यहाँ हामीले आफ्नो जीवनका लागि केही पनि पाउँदैनौं ।”

क. पृष्ठभूमि

दुई शताब्दीभन्दा बढी समयको विभेद, शोषण र सामन्ती भूमि व्यवस्थाहरुले नेपालमा गम्भीर भूमिहीनता जन्माएको छ । अव्यवस्थित भू-स्वामित्वविरुद्ध मानिसहरुको सहभागिताले यो समस्या व्यापक रुपमा फैलिएको प्रमाणित गर्छ । कृषि जनगणना-२००१/२००२ ले के पत्ता लगायो भने भूस्वामित्व भएको ४७ प्रतिशत घरपरिवारले ०.५ हेक्टरभन्दा कम औसतले नेपाली भूमिमा केवल १५ प्रतिशत स्वामित्व राख्छन् । त्यसमाथि, २००४ युएनडीपी मानव विकास प्रतिवेदनले थप देखाउँछ कि नेपालमा लगभग २९ प्रतिशत ग्रामीण घरपरिवारसँग कत्ति पनि खेतीयोग्य भूमिको स्वामित्व छैन, अन्य क्षेत्रहरुले भन्छन् कि कम्तीमा १० प्रतिशत नेपालीहरु पूर्णरुपमा भूमिहीन छन् र नेपालको ग्रामीण घरपरिवारहरुमा ८० प्रतिशतसम्मलाई निश्चित रुपमा ‘भूमि गरीब’ भनी व्याख्या गर्न सकिन्छ ।

भूस्वामित्व सम्बन्धी आधिकारिक विवरणहरु पुराना छन् र तिनले पूरै देशको तथ्य समावेश गर्दैनन् । मध्य, पश्चिम तराई र पहाडी जिल्लाहरुमा बसोबास गर्ने भूमिहीन मानिसहरुसँगको अन्तरक्रियाबाट संकलित तथ्यहरुले भूमिहीनता र आधारभूत मानव अधिकार उल्लंघनको सम्बन्धमा केही जानकारी प्रदान गर्छन् । यो अध्ययनको एक भागका रुपमा सञ्चालन गरिएको अन्तरक्रियाले भन्छ कि भूमि पहुँच वा नियन्त्रणको असक्षमताका दुई प्रारम्भिक नकारात्मक असरहरु छन् । पहिलो, भूमिहीनताले जीवनयापनको पर्याप्त स्तरको अधिकारमा र बसोबास, खाद्य, पानी र पेसासँग सम्बन्धित अधिकारहरुमा फरक पार्छ । दोस्रो, भूमिहीनताले सिर्जना गरेको संवेदनशीलताले मोहीको शोषण, न्याय प्रणालीमा पहुँच राख्न नसक्ने असक्षमता निम्त्याउँछ र व्यक्तिलाई अस्तित्वमा रहेका विभेदहरुप्रति अझ बढी ग्रहणयोग्य बनाउँछ ।

तराईमा यी समुदायहरु भूमिहीन हुनुका विविध कारणहरु छन् । केही हदसम्म पहाडी जिल्लाहरुबाट समुदायहरु राम्रो आर्थिक पक्ष र खेतीयोग्य भूमिको खोजीमा तराईमा बसाइँ सरे तर अहिले ती सार्वजनिक वा निजी स्वामित्वमा रहेको भूमिमा सुकुम्वासीका रुपले बसिरहेका छन् । अन्यमा, समुदायहरु पुस्तौंदेखि एकै सार्वजनिक जग्गामा वा निजी जग्गाधनीसँगको सम्झौताबाट निजी भूमिमा बसोबास गरिरहेका छन् तर उनीहरुसँग मोहियानी वा स्वामित्व अधिकारहरु प्रस्तुत गर्ने कागजपत्रहरु छैनन् । अन्य भूमिहीन समूहहरुले आफूलाई यस कारणले तयसो भन्छन् कि उनीहरु त्यही भूमिमा पुस्तौंदेखि बस्दै आए पनि अहिले विस्थापित भएका छन् वा वार्षिक वा अर्धवार्षिक रुपमा बलपूर्ण विस्थापन झेलिरहेका छन् । प्रतिनिधिहरुले भेटेको विभिन्न समुदायहरुको तुलनामा जमिन्दारहरु भने लगभग पूर्णरुपमै अनुपस्थित थिए, जो ठूलो जिल्लाका सहरहरुमा बस्थे, प्रायः काठमाडौं वा विदेशमा ।

ख. भूमि प्रमाणपत्रको शक्तिले रोकेको

भूमि प्रमाणपत्रले भूमिको स्वामित्व वा दर्ता भएको मोहियानी प्रस्तुत गर्छ । यो ग्रामीण समुदायहरुका नेपालीहरुले प्राप्त गर्न आशा गर्ने आधारभूत कागजात हो । नेपालीहरुले परिचयको प्रमाणका रुपमा प्रयोग गर्ने कागजात पनि हो, त्यसैले यसले सेवाहरुको पहुँच र उपभोगको सुरक्षा सम्भव पार्छ । प्रमाणपत्र बिक्री वितरणमार्फत् आधिकारिक भूमि स्वामित्वबाट प्रदान गरिन्छ र यो दर्ता भएको मोहियानीबाट पनि प्राप्त गर्न सकिन्छ । कागजात बिनाका नेपालीहरु दुरुपयोग हुन अति नै संवेदनशील छन्, किनभने कानुनले दर्ता नभएका मोहीहरुको पहिचान गर्दैन । प्रमाणपत्र भएकाहरुसँग पनि समस्याहरु छन्, किनभने तिनलाई स्थानीय कार्यालयहरुमा राखिन्छ र ती कम्प्युटरीकृत छैनन् । ती नाम र क्षेत्रबाट अव्यवस्थित रुपले राखिएका कपडाका

ठूला बोराहरुमा रहन्छन् । सरकारी कार्यालयमा भएका कागजपत्रहरु जग्गाधनी वा मोहीहरु आफूसँग भएका कागजातहरुसँग प्रायः मिल्दैनन् । स्थानीय निकायहरु विश्वस्त भएर भन्छन् कि अहिले प्रायः मानिसहरुसँग भूमि प्रमाणपत्र छ, तर पनि अन्तरक्रियाले सुझाएअनुसार यो गणनाको अति कथन भएको छ किनभने यो अध्ययनको एक भागका रुपमा गरिएको अन्तरक्रियामा झण्डै दुई तिहाईसँग आफू बसेको भूमिको भूमि प्रमाणपत्र थिएन र केही अवस्थामा पुस्तौंसम्म एकै भूमिमा बसेको भए तापनि एक तिहाईसँग कुनै पनि भूमि प्रमाणपत्र नै थिएन । भू-उपयोग कानुनमा भएका हालका सुधारहरुले दर्ता प्रक्रिया थप पहुँचयोग्य बनाए पनि धेरै अशिक्षित मोहीहरुले उनीहरुका निम्ति त्यो प्रक्रिया कमै उपयोगी बनाउने तबरले १९६४ भूमिसुधार ऐनका बारेमा सुनेका छैनन् । दाङ जिल्लाका स्थानीय अग्रणी वकिल प्रेम चौधरीका अनुसार सामुदायिक संस्थापकहरुले त्यहाँ भूमिहीन मानिसहरुलाई भेटेर प्रशिक्षण दिन सुरु नगर्दासम्म १९९६ मा भूमि ऐनमा गरिएको परिमार्जनले संस्थापन गरेको अधिकार, उनीहरुले कम्तीमा तीन वर्षसम्म मोही किसान रहेको भूमिको ५० प्रतिशत भूस्वामित्व दाबी गर्ने कानुनले अनुमति दिन्छ भन्ने कुरा कसैलाई पनि थाहा थिएन ।

भूमि प्रमाणपत्रको निम्ति आवेदनका लागि नागरिकता पत्रहरु पनि पेश गरिनु पर्छ । त्यही कागजात जुन आफैं भूमि प्रमाणपत्र प्रस्तुत गरेपछि वा स्थानीय गाउँ विकास समितिको सिफारिसबाट प्राप्त गर्न सकिन्छ । रुपन्देहीका भूमि कर अधिकृत रामनारायण पाण्डेका अनुसार, निवेदन दर्ता भइसकेपछि कार्यालयले कुनै अन्य दाबी भए नभएको पुष्टि गर्न पत्रिका र गाविसमा ३५ दिने सूचना जारी गर्दछ । त्यसपछि मात्र भूमि प्रमाणपत्र प्राप्त गर्न सकिन्छ ।

अन्तरक्रियाका सहभागीहरुको अनुभवबाट प्रक्रिया सरल नभएको बुझिन्छ । धेरै मानिसहरुले भूमि प्रमाणपत्र प्राप्त गर्ने प्रयत्नले स्थानीय निकायका कार्यालयमा धेरैपटक गएको तर कुनै उपलब्धी हासिल नभएको गुनासो गर्छन् । केही अवस्थाहरुमा, निवेदकहरुसँग उनीहरु खेतको जोताहा भएको कुनै प्रमाण थिएन । अन्यमा उनीहरु कागजातहरु पेश गर्न असमर्थ थिए । दुवै अवस्थामा भूमि दर्ता प्रक्रिया परिचालन गर्न अप्ठेरो भएको पुष्टि हुन्छ र ती कुनै उपलब्धीबिना नै टुंगिन्छन् । प्रायः मोहीहरुले आफू पुस्तौंदेखि बसोबास गरिरहेको भूमि अर्केको नाममा दर्ता भइसकेको थाहा पाउँछन् । जमिन्दारहरुले "सहयोगको बहाना" मा आफ्नो नाममा दर्ता गर्न सहमत गराएर उनीहरुबाट फाइदा लिने र पछि उनीहरुलाई अधिकारविहीन अवस्थामा छोडिदिने गरेको पनि पाइयो । विद्यालय नगएका किसानहरुका निम्ति प्रमाणपत्र लिन आवेदन दिने प्रक्रिया अप्ठेरो हुन्छ । नवलपरासीमा प्रतिनिधिहरुलाई एक मानिसले भने, "हामीसँग भूमि छैन, शिक्षा छैन, हामी गरीब छौं । हामी बाँच्नका निम्ति अरुको काम गर्छौं । हामीसँग सहर गएर कार्यालयहरुमा पर्खेर बस्ने समय छैन ।"

केही स्थानीय कर्मचारीहरु व्यवस्थामा समस्या रहेको स्वीकार्छन् । विशेषगरी भूमि स्वामित्व वा मोहियानी सम्बन्धी कागजात नभएका मानिसहरुका लागि अन्यथा त्यो कानुनी हुने थियो । दर्ता नभएका मोहीहरु आफैं नदेखिने हुन्छन् । रुपन्देही जिल्लाका भूमिकर अधिकृतले उल्लेख गरे, "उनीहरुसँग प्रमाण नभएसम्म म उनीहरुलाई भूमि प्रमाणपत्र दिन सक्दिन । ...म सरकारी कर्मचारी हुँ र कानुनबमोजिम मात्र काम गर्न सक्छु ।" परिस्थिति यो कारणले झन् संकुचित बनेको छ कि स्थानीय कर्मचारी वा राजनीतिज्ञहरु जमिन्दारसँगको मिलेमतोमा छन् वा आफैं नै जमिन्दार छन् । यसले भ्रष्टाचारको पनि समस्या भएको हुनसक्ने देखाउँछ । भूमिहीन मोहीहरुका एक कानुन अधिवक्ताका अनुसार, "सबै पार्टीमा जमिन्दारहरुको प्रभुत्व छ । यो आज पनि उस्तै छ । जमिन्दारहरु मात्र राजनीतिमा सहभागी हुनसक्छन्, किनभने उनीहरुसँग धेरै पैसा छ र खर्च धान्न सक्छन् । त्यसैले उनीहरुको आफ्नो इच्छानुरुप जे छ, त्यही नै लागू गर्छन् ।" रुपन्देहीका भूमि सर्वेक्षण कर्मचारी भने भ्रष्टाचार असम्भव भएको बताउँछन्, "भ्रष्टाचार भएको छैन र यदि त्यो हुन्छ भने त्यो अपराध हुनेछ ।" स्थानीय निकायका कामदारहरुले यो चाहिँ स्वीकार गर्छन् कि "भूमि"हीन र दर्ता नभएका मानिसहरुका लागि कार्यालयको माध्यमहरु उपलब्ध छैनन् र सम्झौताहरु पुस्तौंसम्म मौखिक भएका कारण धेरै मानिसहरु दर्ता भएका छैनन् । तैपनि यो तथ्य चाहिँ यथावत रहेको छ कि दर्ताको कमीले मानिसहरुको दैनिक जीवनमा प्रत्यक्ष असर गर्छ ।

ग. भूमिहीनता, गरिबी र जीवनस्तर

नेपालमा भूमिहीनता गरिबीको बलियो अनुमान हो र यो बसोबास, खाद्य, पानी र रोजगारका सीमित अधिकारहरुको सूचक पनि हो । दुई हेक्टरभन्दा बढी भूमि भएका २३.८ प्रतिशतको तुलनामा ०.२ हेक्टरभन्दा कम भूस्वामित्व भएका ४० प्रतिशत गरिबीको रेखामुनि पर्दछन् । तराई र पहाडी जिल्लाका समुदायमा गरिबी फरक पर्छ र यो अझै बढ्दो छ । प्रायः परिवार दस वा त्योभन्दा बढी बस्ने उक वा दुई कोठाको घरमा बृहत परिवारसँग वा तिनको नजिक बस्छन् । केही समुदायहरु र औपचारिक मोही नभएका मानिसहरुसँग पनि राम्रो व्यवस्था भएको र स्थायी संरचना र सानो व्यवसायहरु छन्, अधिकांश भूमिहीन समुदाय पराल, माटो वा खुम्चिएका धातुबाट बनेको छानो भएका अस्थायी वा अर्धस्थायी संरचनाहरुमा बस्छन् ।
सामुदायिक भूमि वा घरमा बिजुली र खानेपानी सेवाहरु स्थापित गर्ने आवश्यक पर्ने भूमि प्रमाणपत्रको कमीमा, भूमिहीन परिवारहरु खानेपानीका लागि धेरै लामो दूरी हिँड्नु पर्छ र अधिकांश बिजुलीबिना नै बस्छन् । प्रायः जमिन्दारहरुले निजी भूमिमा बसेका मोहीहरुलाई पानी र बिजुली पलब्ध गराउँदैनन् । कागजातबिना मोहीहरुसँग आर्थिक माध्यम भए पनि उनीहरुसँग सेवाहरु स्थापना गर्ने अन्य उपाय छैन । निजी भूमिको त्यसैगरी प्रयोगकर्ताहरुसँग उनीहरु वर्षौंसम्म त्यही ठाउँमा बसोबास गरेको भए तापनि सेवाहरु स्थापना गर्न अन्य माध्यम छैन । नलपरासीमा एक महिलाले उद्धृत गर्दै भनिन्, उनी र अन्यले, 'राजनीतिक पार्टी, गाविस, सरकारमार्फत् धेरैपटक बिजुली पाउन प्रयास गर्‍यौं तर कसैले चासो दिएनन् । हामीलाई हामी निजी भूमिमा भएका कारण त्यो सम्भव नभएको भनियो ।"
जमिन्दारहरुले इनार वा पानीका धाराहरु समुदायका घरहरु नजिक बनाइदिएको भए पनि, रुपन्देही जिल्लाको खड्गाबांगे गाविस जस्तै, ती प्रायः सुख्खा छन् र सेवा स्थापना गर्न निवेदन दिने भूमि प्रमाणपत्र भएका मोहीहरुले स्थानीय कर्मचारीहरु तथा ती स्थापना गर्ने मानिसहरुलाई घुस दिनुपर्ने बताउँछन् । अन्ततः तार जोडिएको समुदायहरुमा पनि खानाको व्यवस्था गर्न संघर्ष गर्ने परिवारका लागि आफ्नो घरमा सेवा जोड्न प्रायः खर्चले रोक्ने गर्छ ।
सरकारी जनगणना तथ्यहरुले ७५ प्रतिशत नेपाली खेतहरु एक हेक्टरभन्दा कम भूमिको भएको देखाउँछन् । जुन जीविकाका लागि पर्याप्त बाली उत्पादन र परिवारहरुलाई आफ्नो आधारभूत आवश्यकता पूरा गरी ऋण घटाउन सम्भव पार्ने सामान्य वृद्धिको निम्ति आवश्यक पर्ने भूमिको न्यूनतम दर भएको मापन गरिएको छ । त्यसैले भूमिहीन र निश्चित रुपले ठूला, भूमि-गरीब परिवारहरुका लागि खाद्य पहुँच एक ठूलो संघर्ष हो । फूलपाती चौधरी, उनका श्रीमान र तीन छोराछोरीहरुले एक-छैटौं हे. भूमि जोत्छन् र उनीहरुसँग त्यो भूमिको भूमि प्रमाणपत्र छ । उनी भन्छिन्, "भूमिले मेरो परिवारका लागि पाँच महिनाको लागि मात्र राशन उत्पादन गर्छ । अन्य महिनामा हामीले (अन्य) काम गर्नुपर्छ ।" कैलालीका नविन विके उल्लेख गर्छन्, उनी आफ्नो श्रीमती र चार सन्तानसँग बस्ने तीन कट्ठा भूमिमा हरेक वर्ष दुई महिनाको खाद्य मात्र उत्पादन गर्न सक्छन् । कैलालीकै एक मानिस दाबी गर्छन् कि उनी बस्ने सानो टुक्रा जमीनको नाम पाउनुभन्दा धेरै भूमिमा पहुँच पाउनु बढी महत्वपूर्ण हो । "हामीसँग एक कट्ठाको नाम भए हामीले खाने चाहिँ के ?"
खाद्य उत्पादन कुनै एउटा वर्षको मौसममा मात्र निर्भर हुँदैन, बरु भूमिको गुणस्तरमा पनि निर्भर हुन्छ । धेरैले भूमिहीन समुदायलाई जमिन्दारले खेतीयोग्य भूमि आफ्नै लागि राखेर जोत्नेलाई कम गुणस्तरको भूमि दिने गरेको गुनासो गर्छन् । अमरगोधी गाविसकी कालीदेवी पार्कीले यो कुरा सहर्ष राखिन्, "हामो भूमिबाट केही फल्दैन । धेरै साँझ म केही खान्न ।" अर्की महिलाले गुनासो पोखिन्, "पुग्ने खाना छैन, ... पर्याप्त पैसा भएन भने हामी भात र नुन मात्र खान्छौं । हामीसँग पर्याप्त भयो भने हामी दुइ छाक खान्छौं । नत्र हामी एक छाक मात्र खान्छौं ।" अधिकांश परिवारले आफ्नै लागि पर्याप्त खाद्य उत्पादन नगर्ने भएकाले थप ज्याला आर्जन गर्न उनीहरु प्रायः अधिक उत्पादन बेच्न असमर्थ हुन्छन् । जसले उनीहरुको स्वास्थ्य र शिक्षाको पहुँचको क्षमतामा पनि असर गर्छ । परिवारको सदस्य बिरामी परेमा उनीहरु उपचार खर्च धान्न पनि सक्दैनन् । नेपाली कानुनमा प्राथमिक शिक्षा निःशुल्क भए पनि धेरै नेपालीहरु किताब, पोसाक र अन्य सामग्रीहरुमा खर्च गर्न सक्दैनन ।
नेपालीहरु भूमिको सांकेतिक महत्वमा बाँधिएका छन् । कृषि जीवनयापन बाहिरको अवसर धेरैमाझ लोकप्रिय छैन । गुजे पार्की भन्छन्, "सबै थोक भूमिसँग सम्बन्धित छ । भूमि भएको भए हामी तरकारी (र) बालीहरु लगाउन सक्थ्यौं, जुन हाम्रा लागि जीवनयापनको माध्यम हुने थियो ।" तैपनि, ग्रामीण नेपालमा एकदमै थोरै कुरा उपलब्ध

छन् र विभेदले दलित र अन्य सीमान्तकृत समुदायलाई सम्भव भएका थोरै रोजगारी अवसरको फाइदा लिनबाट बञ्चित गर्छ। त्यसमाथि खाद्य उत्पादन गर्न उनीहरुसँग पर्याप्त भूमि नभएकाले र आधिकारिक ऋणहरु लिन नसक्ने भएकाले भूमिहीन र भूमि-गरीब मानिसहरु विद्यालय शुल्क, उपचार, खाद्य, पानीको आपूर्ति र अन्य खर्चहरुका लागि आफ्ना जमिन्दारको भर पर्नुपर्छ, जुन उनीहरुले प्रायः फिर्ता गर्न सक्दैनन्।

घ. मोही शोषण र मोहियानी सुरक्षा

कानुनले स्वेच्छिक अतिक्रमणविरुद्ध सुरक्षा दिने भए पनि नेपालका समुदायहरुले अतिक्रमण वास्तवमा बारम्बार हुने जनाउँछन्। उदाहरणका लागि श्यामकुमारी राना भन्छिन्, "यहाँ हामी आयौं र सामुहिक बाली सुरु गर्‍यौं। हामी एक जमिन्दारबाट विस्थापित भयौं र अर्कोकोमा गयौं। त्यहाँ पनि फेरि अतिक्रमण गरियो र फेरि अर्काकोमा गयौं। पन्ध्र वर्षमा हामीले धेरै दुःख पाएका छौं।" धेरै अन्तरक्रियाका सहभागीहरुले आफूहरु पुस्तौंसम्म त्यहाँ बसिरहेकाले आफूहरु बसेको भूमिमै रहन दिइनुपर्ने कुरा बताउँछन्। तर भूमि प्रमाणपत्र नेपालमा सबै प्रकारको सेवाका लागि महत्वपूर्ण रहेको कागजातबिना उनीहरुसँग प्रमाण छैन र निरन्तर रुपमा अतिक्रमणको त्रासमा छन्। त्यसमाथि भूमिहीन मानिसहरु अशक्त पारिएकोछ। उनीहरु बढी शक्तिशाली जमिन्दार र स्थानीय अधिकारीहरुबाट शोषित हुन संवेदनशील छन्। उनीहरुलाई आफ्ना अधिकारहरु हनन भएको भनी न्याय खोज्न आफूहरुसँग समय, पैसा वा क्षमता भएको लाग्दैन।

१. अतिक्रमण र सुरक्षा

धेरै नेपालीले सुरक्षित उपभोगको कमी भूमि प्रमाणपत्र नहुनुको सबभन्दा अप्ठेरो पक्ष भएको बताए :

> गरीबहरुका आवाज सुनिंदैन। हामीसँग वकिल र अदालतहरुको अनुभव छैन। हामी मुद्दा हाल्न गाविस जान्छौं, अदालत होइन। हामी बसोबास उपलब्ध गराउन भनी गाविस गयौं। हामीले कुरा राख्यौं तर उनीहरुले केही गरेनन्। के गर्न सकिन्छ ? हामीसँग भूमि प्रमाणपत्र भएको भए हामीले सुरक्षाको भाव पाउने थियौं।

स्वामित्व वा मोहियानी अधिकारहरु भूमि प्रमाणपत्र वा कुनै अवस्थामा बाली भुक्तानी (जग्गाधनीसँगको आधिकारिक सम्झौता देखाउन) को नीतिबाट आधिकारिक हुन्छ। ती कागजातहरुबिना जमिन्दारहरुले उनीहरुलाई कानुनसम्मत् रुपमा विस्थापन गर्न स्थानीय निकायहरुलाई अपिल गर्न सक्छन्। विस्थापन प्रक्रियामा अन्तर्राष्ट्रिय कानुनमा आवश्यक पर्ने पूर्व जानकारी र समझदारीसहितका प्रक्रियाहरुको कानुनलाई आवश्यकता पर्दैन। प्रायः जमिन्दारहरुले सरल रुपमा नभई समुदायहरुलाई उग्र रुपले विस्थापन गर्छन्। बाँके जिल्लाको बाँकट्टी गाविसका एक मानिसले भने कि एक घटनामा उनीहरुका जमिन्दारले बीसभन्दा बढी भाडाका मान्छेहरु आएर ल्याएर उनका समुदायका मानिसहरुलाई कुटपिट गरी कैयौं घरहरु जलाए। बाँकट्टी जस्तै धेरै ठाउँमा जमिन्दारहरुले आफूले प्रयोग गर्न चाहेको नजिकैका सार्वजनिक भूमिमा पनि अधिकार पुष्टि गर्छन्। बाँकट्टीमा जमिन्दारहरुले सार्वजनिक भूमिबाट पनि मानिसहरु विस्थापित गरे। यो घटनामा बयालिस जना विस्थापित भएका थिए तर पछि उनीहरु फर्किए। केही महिनापछि समुदायले जोतिरहेको बाली मास्न जमिन्दार फेरि फर्किए। अहिले तीन वर्षपछि उनी र समुदायका अन्य परिवार अर्को सार्वजनिक भूमिमा बस्छन्। अन्यहरु निरन्तर रुपमा सरे वा विस्थापित भए ताकि जमिन्दारले मोहीहरुलाई भूस्वामित्वका लागि दर्ता गर्नबाट रोक्न सकून्। सार्वजनिक भूमिहरुमा बसोबास गरिरहेका मानिसहरु त्यसैगरी विस्थापनको जोखिममा छन् र उनीहरु बसोबास गरिरहेको भूमिमा असर गर्ने खालका सार्वजनिक कार्यहरुको जानकारी पाए त्यहाँबाट हटाइने कुरामा त्रसित छन्। अरुहरु दिनदिनै विस्थापितको धम्कीमा बाँच्छन्। बाँके जिल्ला, कान्दी गाविसका गायानबहादुर रोक्काले भने, "जमिन्दारले यो उसको निजी जग्गा हो र मैले छोड्नुपर्छ मात्र भन्छन्।" र, अर्काले बैठकमा जमिन्दारले उनलाई 'गाड्ने' धम्की दिएको बताए।

भूमि कागजातहरुको कमीले मानिसहरुको जीवनमा धेरै रुपले असर गर्छ। धेरै मानिसहरुले वर्षौंसम्म एकै भूमिमा बसेर भूमिको सुधार गरी त्यसमा घर निर्माण गरेर आफ्नो भूमि दर्ता गर्ने प्रयत्न गरेको तर भूमि अर्कैले दर्ता गरिसकेकाले त्यसो गर्न नसकेको जनाए। राम अवतारले भने, "मैले घर बनाएको छु तर त्यो काम नलाग्ने भयो किनकि मसँग मेरो भूमिको प्रमाणपत्र छैन।"

मानिसहरुले आफ्ना अधिकार हनन भएको थाहा पाए पनि उनीहरुलाई आफूले धेरै गर्न सक्ने केही छैन जस्तो लाग्छ । बाँकेका मोही, किसान प्रेम सेलियारीले भनिन् कि जब जमिन्दारले उनलाई विस्थापित गऱ्यो, त्यहाँ आधिकारिक विस्थापन कार्य थिएन । उनले आफूलाई फर्कन दिन जमिन्दारलाई सोधे पनि उनी आशावादी थिइनन् : "जमिन्दारले भर्खरै दुईवटा गोरु खरिद गरेका छन् । मलाई लाग्छ, मेरो ठाउँमा अर्कैलाई राखियो ।" अधिकांश मानिसहरु स्थानीय निकायले उनीहरुलाई सहयोग गर्छन् भन्नेमा शंका गर्छन् र केही अवस्थामा मानिसहरु सहयोगको निम्ति स्थानीय अधिकारीहरुसमक्ष आउँदा उनीहरुले केही गर्दैनन् । बाँके जिल्लाको बाँकट्टी गाविसमा आफ्नो घरबाट विस्थापित भएका एक मानिसले भने कि विस्थापित भइसकेपछि उनी प्रहरीकोमा गएका थिए तर जिल्ला अधिकारीले हामीलाई धम्क्याए । कसैले पनि चासो दिएनन्, न त कसैले सुने ।

२. शोषण

जमिन्दारहरुले प्रायः मोहीसँगको सम्बन्धले सिर्जना गर्ने बाध्यताहरु छल्न मोहीहरुसँगको आधिकारिक सम्बन्ध सीमित गर्ने कार्यहरु गर्छन् । उनीहरुले आफ्ना धेरै मोहीहरु अशिक्षित भएको कुराको पनि फाइदा उठाउँछन् । अन्तरक्रियामा सहभागी कुनै पनि व्यक्ति जमिन्दारसँगको लिखित सम्झौतामा गएका थिएनन्; मौखिक सम्झौताहरुको मात्र परम्परागत रुपमा हरेक वर्ष नवीकरण हुन्थ्यो । विगतका बँधुवा मजदुरहरुको पक्षमा भने यो बँधुवा मजदुर प्रथाको चलनअनुसार माघी पर्वमा हुने गर्छ । दाङ जिल्लाको आर्गु गाविसका हाउले चौधरीले लिखित सम्झौताको परम्परा नभएकाले कहिल्यै त्यसमा जाने कुरा नसोचेको बताए ।

तैपनि, जमिन्दारहरुबाट ऋण लिने समयमा भने मानिसहरुले लिखित सम्झौताहरुमा दस्तखत गरेको जनाए । रुपन्देहीको केर्वानी गाविसमा अन्तरक्रियाका सहभागी सबै महिलाले जमिन्दारबाट ऋण लिएका थिए । महिलाहरुले सम्झौतामा औंठाछाप लगाएको तर उनीहरु अशिक्षित भएकाले त्यसमा के लेखिएको थियो भन्ने थाहा नभएको बताए ।

उनीहरुको संवेदनशील मोहियानी अवस्थाले जमिन्दारले जे भने पनि दस्तखत गर्न बाध्य हुन्छन् । उनका सहायकहरुले कहिलेकाहीँ सम्झौतापत्र पढेर सुनाए पनि उनीहरुलाई सम्झौतापत्रको अर्को प्रतिलिपि कहिल्यै प्रदान गरिँदैन । फलस्वरुप उनीहरुलाई आफूलेके तिर्नुछ भन्ने थाहा हुँदैन । जमिन्दारहरुले उनीहरुलाई कहिलेकाहीँ उनीहरुले ब्याज तिरेका छौं भनेर भने पनि उनले उनीहरुको साँवा घटेको कहिल्यै भन्दैनन् ।

धेरै मोहीहरु बाली रसिदसँग सम्बन्धित अधिकारका बारेमा जानकार छैनन् । त्यसैले उनीहरुले यसको माग गर्दैनन् । यसरी उनीहरु जोत्ने अधिकार वा भूमिमा बस्न पाउने अधिकारको प्रमाणबिना रहन्छन् । जसकारण उनीहरु दुरुपयोग हुन झन् संवेदनशील हुन्छन् । कमलबहादुर चौधरीलाई थाहा छ कि यदि उनले रसिद मागे भने उनलाई काम गर्न दिइने छैन । "साना कुराहरु माग्दा जमिन्दारले आफूलाई धोका दिएको भन्ठान्छन् ।"

विस्थापनपछि प्रेम सालिएरीसँग आफू बसेको घरको भूमि प्रमाणपत्र, मोहियानी सम्झौता वा बाली रसिद कुनै पनि प्रमाण थिएन । उनले भनिन्- "मैले कहिल्यै कागजातहरु मागिन, ...जमिन्दारले ती मलाई दिएनन् । मैले किन माग्नु ? मैले उहाँमाथि विश्वास गरें । उहाँ ठूलो र हामी सानो भएकाले मैले माग्न सकिन ।"

दाङ जिल्लाको अर्नाहवा गाविस, स्थानीय मन्दिरको स्वामित्वमा रहेको गुठी जग्गामा छ । समुदायले मन्दिरलाई आफ्नो बालीको ५०% दिन्छन् तर बालीको रसिद पाउँदैनन् । १९८८ मा मन्दिरका एक पुजारीले समुदायलाई बालीको उत्पादन नतिरेको आरोप लगाए तर समुदायसँग प्रमाणका रुपमा भुक्तानीपत्र थिएन । यो वर्ष समुदायले रसिदहरु माग्न थाल्यो र मन्दिरले विस्थापनको धम्की दिँदै त्यो उपलब्ध गराउन इन्कार गऱ्यो । दालनुतु थारुले आफ्नो समुदायले पहिलोपटक रसिद माग्दाको कुरा जोडिन्, "जमिन्दारले जसलाई रसिद चाहिने हो, उसले जमीन छाडेर जानुपर्ने प्रतिक्रिया दिए ।" अहिले उनले कुनै कुनै अवस्थामा त्यो प्रदान गर्छन् । बाली रसिदहरु प्रदान गरिए पनि मोहीहरु त्यसको निश्चितता पुष्टि गर्न कमजोर छन् । काम्दिकी सुकदैयाले भनिन् कि जब उनी र उनका श्रीमानले पहिलोपटक बाली रसिद पाए, उनले त्यो पढ्न अरुलाई लगाउनु परेको थियो । पहिलो त्यसमा जमिन्दारको दस्तखत थिएन । पछि उनले नक्साको क्षेत्रफल गलत भएको पाइन् ।

त्यसमाथि पनि, धेरै अवस्थामा पूर्व बँधुवा मजदुरहरुले आफ्नो जीवन वास्तविकतामा अझै बँधुवा हुँदाको जस्तै रहेको र सरकारले अघि सारेको भूमि पुनर्वितरण कार्यक्रमहरु उल्लेख्य रुपमा कार्यान्वयन नभएको जनाए । पूर्व कमैया परिवारहरु बालीबाट आफ्नो जीवन गुजारा गर्न असमर्थ हुँदा अझै जमिन्दारबाट ऋण लिन बाध्य छन्,

जसले स्वतः ऋणहरु नवीकरण गर्दछ। कमैयालाई पहिला किनबेच गर्न वा मौखिक हुने उनीहरुको सम्झौता हरेक वर्ष मध्य-जनवरीमा माघी पर्वमा नवीकरण गर्न सकिन्थ्यो। जमिन्दारहरु र कमैया श्रमिकहरुबीचको शक्ति असन्तुलनका कारण कमैयाहरुसँग छलफल गर्ने क्षमता थोरै हुन्छ र उनीहरु जमिन्दारले निर्णय गर्ने शर्तअनुसार चल्दछन्। सम्झौताहरु मौखिक हुने भएकाले कमैयाहरुलाई आफ्ना ऋणहरुको शर्त थाहा हुँदैन वा त्यस अनुसार चल्न सक्दैनन् र पुस्तौं पुस्तासम्म परिवारले ऋणमा काम गरिरहेको धेरैलाई आफ्नो ऋणको सुरुवातका बारेमा पनि थाहा हुँदैन।

प्रतिवेदनहरुले देखाउँछन् कि बन्ध ऋण प्रथामा जमिन्दारहरुले कमैयाहरुको असाक्षरताको फाइदा उठाउँदै कमैया ऋणमा वृद्धि गरे। यो आर्थिक निर्भरता ऋणको रुपमा रहन्छन्, जसमा कहिलेकाहीँ व्याजदर ६०% सम्म उच्च रहन्छ। बँधुवा मजदुरी उन्मूलन भएपछि सरकारद्वारा पूर्ण भूमिहीन वा करिब भूमिहीन भएको वर्ग छुट्याइए अनुसार जोखिममा रहेका पूर्व कमैया र पूर्व हरुवालाई केही टुक्रा भूमि वितरण गऱ्यो। सरकारी कार्यक्रम अनुरुपको भूमि वितरण, तैपनि बसोबासबाहेक अरु केही कुराका लागि पर्याप्त छैन। धेरै सार्वजनिक जग्गाहरुमा पूर्व बँधुवा मजदुरहरुको सुकुम्वासी संख्या छ, जोसँग जाने कुनै ठाउँ छैन र जसलाई सरकारको भूमि वितरण कार्यक्रमबाट कुनै राहत दिइएन।

डडेल्धुरा जिल्लाको देहिलेली गाविसका मोहीहरुका निम्ति हलिया बन्धनबाट मुक्त भएपछि पनि कमै परिवर्तन भएको छ। शंकर लोहारले भने- जमिन्दारले उनलाई आफूलाई इच्छा नभएको कुरा पनि गर्न बाध्य पार्न नसक्ने भएकाले केही परिवर्तन भए तापनि उनले अझै जमिन्दारको ऋण तिर्न काम गर्नैपर्छ। तैपनि देहिलेली गाउँलेहरुको जमिन्दार निन्दाजनक नै रहेका छन् र उनीहरुका निम्ति अन्तर्राष्ट्रिय गैससले स्थापना गराइदिएको पम्पको पानी जमिन्दारले आफ्नै बाली सिंचित गर्न मोडेका छन्।

३. असमानता र विभेद

नेपाली भूस्वामित्व र नियन्त्रण अवस्थाहरुको समालोचनाले कानुनले दिएको सुरक्षाहरुका बावजुद ती प्राथमिक रुपम जाति, जनजाति र लैंगिकताको भिन्नता प्राथमिक रुपमा आधारित छन्। जाति र जनजातिका क्षेत्रमा जनआन्दोलनपछिका वर्षहरुमा नागरिकसमाज र राजनीतिक आन्दोलन तीव्र भएको छ। २००२ मा आदिवासी भाषाहरुको विकासका निम्ति राष्ट्रिय प्रतिष्ठान (ational Foundation for the Development of Indigenous Languages, NFDIL) को स्थापना भए पनि यो आर्थिक स्रोत र राजनीतिक अस्थिरताको संघर्षबाट गुज्रियो। विगतका चार/पाँच वर्षे विकास योजनाहरुमा अल्पसंख्यक जनजातिहरुलाई पनि उल्लेखनीय रुपमा समावेश गरिएको छ। दलित संगठनको वृद्धि पनि महसुस गरिएको छ र २००२ मा राष्ट्रिय दलित आयोगको स्थापना भएको छ।

दलितहरुविरुद्धको विभेद र 'छुवाछुत' को विश्वास र चलनले राजनीतिक, आर्थिक र सामाजिक शक्तिको समान पहुँचबाट निरन्तर रुपमा वर्जित गर्दैछ। दलित समुदायहरु उच्च-जातीय परिवारहरुभन्दा गरीब छन्। प्रतिनिधिहरुले भेटेका समुदायमा दुइतिहाई दलित समुदाय थियो, जसले आफ्नो जमिन्दारबाट हुने विभेद र शोषणको जानकारी दिए। जातीय विभेद, नेपाल सरकारले हालसालै सम्बोधन गर्न खोजेको विषय हो। नेपालको सर्वोच्च अदालतले पनि लैंगिक र जातीय विभेदसँग सम्बन्धित मुद्दाहरुलाई महत्व दिएको छ। तैपनि थोरै मात्र परिवर्तन भएका छन्। नेपालको २०% जनसंख्या ओगट्ने दलितहरुले राष्ट्रिय सम्पत्तिको १% र खेतीयोग्य जमीनको १% मात्र स्वामित्व राख्छन्। नेपालमा ४५% सामान्य जनसंख्याको तुलनामा नब्बे प्रतिशत दलितहरु गरिबीको रेखामुनि बस्छन् र यो मुख्यतः तराईको विषयमा वास्तविकता हो। यो विभेद र यसको सहायक गरिबीले पानी, खाद्य र आधारभूत स्वास्थ्य सेवाको आवश्यकताको पहुँचमा दलितहरुको निम्ति समस्या र गैरदलित जनसंख्याको तुलनामा दलितहरुको कम जीवन अपेक्षादर निम्त्याउँछ। औसतमा उच्च-जाति ब्राह्मण र नेवारहरु दलितहरुभन्दा एघार वर्ष बढी बाँच्छन्।

लैंगिक असमानता पनि समस्याका रुपमा रहेको छ। नेपाल इतिहासदेखि नै उच्च पितृसत्तात्मक रहेको थियो र अद्यापि छ। लैंगिक असमानता जाति र जनजाति समूहभित्रै रहेको छ। जसको कारण दलित महिलाहरुले समाजमा तल्लो सामाजिक-आर्थिक स्थान ओगट्छन् र, विभेदको एकदमै चरम रुप झेल्छन्। कृषि क्षेत्रको राजस्वको ६१.१% महिलाहरबाट आउने भए पनि उनीहरुसँग देशको ५% खेतीयोग्य भूमिको स्वामित्व छ।

परम्परागत धार्मिक, साँस्कृतिक र सामाजिक राजनीतिक विभेदले महिलाको सीमित स्वामित्व खुलाउँछ। महिलाहरु नेपाली समाजमा इतिहासदेखि नै पुरुषको सहायक रहेका छन्। त्यसैले कृषि क्षेत्रको राजस्वमा पुरुषभन्दा धेरै हिस्सा दिने तथ्यका बावजुद उनीहरुले कमै कानुनी प्रावधान उपभोग गर्दछन्। २००६ मा लिइएको प्रतिक्रिया अनुसार, नेपाली महिलाहरुले भूमि आफ्नो नाममा गर्ने माग गर्दा सम्बन्ध विच्छेदको जोखिम लिनुपर्छ। र, कानुनी संरचनाबाट भूमि सुरक्षित गर्ने प्रक्रिया उनीहरुका लागि त्यो सफल रुपमा आफ्नो बनाउन अति नै अप्ठेरो भएको बताए। २००२ मा महिलाको सम्पत्ति अधिकार विधेयक अगाडि, पन्ध्र वर्षसम्म विवाहित नभएसम्म वा पैंतिस वर्ष नपुगेसम्म श्रीमानको सम्पत्ति प्राप्त गर्ने अधिकार थिएन। २००७ को अन्तरिम संविधान अगाडिसम्म पुनर्विवाह गरेमा आफूले अंश पाएको भूमि आफ्नो भाइलाई दिनुपर्ने थियो।

भूमि पहुँचले पनि आदिवासी मानिसहरुको जीवनमा एकदमै प्रभाव पार्छ। २००१ को जनगणनामा नेपालको कुल जनसंख्यामा जातीय जनसंख्या ३७% थियो, जसमा मुख्य रुपमा पश्चिम तराईको थारु जनसंख्या समावेश थियो। पूरै जनसंख्यामा ६.८% ओगट्ने थारुहरु, केही सुदूरपश्चिम जिल्लामा बहुसंख्यक संख्यामा छन्। २००२ अनुसार कानुन, न्याय र संसदीय मन्त्रालय (Ministry of law, Justice and Parliamentary Affairs) ले उनान्साठी वटा जनजाति समूहलाई आधिकारिक मान्यता दियो र यी समूहहरुमा लगभग सबैको आधिकारिक प्रतिनिधि संस्थाहरु छन्। यी आदिवासी समूहहरुमा धेरै समूह खोला, नदी र वनजंगलमा निर्भर छन्। १९७३ मा राष्ट्रिय सरकारले राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण ऐन पारित गर्‍यो। जसले राष्ट्रको भूमिको करिब ४०% आरक्षण क्षेत्र र राष्ट्रिय निकुञ्जको व्यवस्थापनको आधार प्रदान गर्छ। ऐनले आदिवासीका क्षेत्रहरुमा उनीहरुलाई पुस्तौंदेखि निर्भर रहिरहेको भूमिबाट विस्थापित गराई र केही समयमै आरक्षण क्षेत्र र निकुञ्जहरुमा स्थापना गर्‍यो। धेरै परिवारहरु त्यस भूमिमा पुस्तौंदेखि बसिरहेको भए पनि त्यसपछि यी आदिवासी समुदायहरुलाई प्राविधिक रुपमा सार्वजनिक भूमिका सुकुम्वासी भनी वर्गीकृत गरियो। सरकारले प्रायः आदिवासी समूहहरुलाई आफ्नो पुर्ख्यौली भूमि र परम्परागत जीवनबाट छुटाएर अहिले संरक्षित आरक्षण भूमि बाहिर पुनस्थापन गर्छ। उदाहरणका लागि, तराईमा चितवन राष्ट्रिय निकुञ्जको स्थापनापछि निकुञ्जको नारायणी नदीमा खानाको निम्ति निर्भर आदिवासी समुदायहरुले खाद्यको अर्को स्रोत खोज्नुपर्‍यो, किनकि सरकारले त्यहाँ माछा मार्न निषेध गर्‍यो। तर सरकारले निकुञ्जमा फेरि सञ्चालन गर्न निजी संस्थाहरुलाई सम्झौता प्रदान गरेर भूमिबाट राजस्व बढाउन केन्द्रित भइरहेको थियो। भूमिसँग सम्बन्धित सेयरधनीसँगको परामर्शमा राष्ट्रको कमजोरीले प्राकृतिक स्रोत र भूमिको समान र उचित पहुँचमा संरक्षित क्षेत्र र वनजंगल व्यवस्था नीतिहरुले पार्ने नकारात्मक असरबारे प्रभावकारी रुपमा सम्बोधन गर्न नसकेको देखाउँछ। राष्ट्रको पुनर्स्थापना नीतिहरुले बरु इतिहासदेखि नै आदिवासी समूहहरुको प्रायः रीतिअनुसारको भूमि स्वामित्व वा अहिले संरक्षित भूमिका आधारमा बसोबास गरेकाहरुको भू-उपयोग सुरक्षाको निम्ति गम्भीर बाधाको रुप लिएका छन्।

अन्तर्क्रियामा सहभागी तल्लो जाति, अल्पसंख्यक र महिलाहरु सबैले प्रयोगात्मक पहुँच र स्थानीय निकाय कार्यालयमार्फत्को पहुँच, दुवै तरिकाबाट भूमि पहुँचको ठूलो चुनौती ‘विभेद’ रहेको जनाए। विशेषगरी महिलाहरुले उल्लेख गरे कि भूमि प्रमाणपत्रहरुमा श्रीमान-श्रीमती दुवैको नाम खुलाउनुपर्ने भनी कानुन परिवर्तन भए पनि भूमि प्रमाणपत्रमा महिलाहरुको उपस्थिति देखिँदैन। एक महिलाले भनिन्- “यो परम्परा मात्र थियो। कसैले पनि नाम परिवर्तन गरेका छैनन्।” तल्लो जाति, नेपालीहरुले पनि विभेदका कारण आफ्नो समुदायभित्र विशेषतः मन्दिरको पहुँचसहित धाराको पानी र सार्वजनिक भवनहरुमा पहुँच राख्न गाह्रो भएको जनाए।

४. राजनीतिक परिवर्जन र न्यायको पहुँच

धेरै समयसम्म, भूमि स्वामित्वको कानुनी प्रमाण, भूमि प्रमाणपत्रबिना नागरिकता प्राप्त गर्न गाह्रो थियो। २००६ को नेपाल नागरिकतापत्र ऐनले अहिले भूमि प्रमाणपत्रको प्रमाणबिना नागरिकता पत्र प्रदान गर्छ तर भूमि प्रमाणपत्र प्राप्त गर्न साथमा नागरिकता प्रमाणपत्र वा स्थानीय गाविसको सिफारिस हुनुपर्छ। राजनीतिक शक्ति तसर्थ भूमि पहुँच र स्वामित्वसँग जोडिएको छ।

न्यायको पहुँच पनि नेपालमा भूमिहीन समुदायहरुको लागि मुख्य समस्या थियो। यदि व्यक्तिहरुलाई स्वैच्छिक रुपमा अतिक्रमण गरिएको थियो भने उनीहरुले प्रायः कानुनमा वा स्थानीय निकायहरुमा कुनै सहारा प्राप्त गर्दैनथे। केही अवस्थाहरुमा यो कि त स्थानीय निकायहरुको अनिच्छा वा उनीहरुलाई सहयोग गर्न असमर्थताका

कारण हुन्थ्यो । अन्यमा, भूमिहीन मानिसहरुले वकिल वा अदालतको खर्च धान्न सक्ने थिएनन् । दक्षिण नेपालमा भूमि दाबी अवलोकन गरिरहेका एक स्थानीय निकायको अधिकारीले उल्लेख गरे, यदि मानिसहरुले प्रशासनिक माध्यमबाट आफ्नो विवाद समाधान गर्न सकेनन् र "अदालत शुल्क तिर्न सकेनन् भने... त्यसमै सीमित हुन्छ ।" रामदत्त हरिजनले भने, "हामीसँग अलिकति पनि पैसा छैन र हामी वकिललाई चिन्दैनौं । हामी एकदमै गरीब छौं र हामी कुनै पनि सहयोगमा खुसी हुन्छौं । पैसाबिना हामी मुद्दा दर्ता गर्न सक्दैनौं ।" त्यसमाथि पनि राजनीतिक पार्टी र सरकारी अधिकारीहरुले समुदायहरुले आफ्नो पार्टीलाई भोट दिएमा भूमि पुनर्वितरण गर्ने वाचा गरेर यी मानिसहरुको संवेदनशीलताको फाइदा लिएका छन् । राजनीतिक पार्टीहरु निर्वाचन समयका बारेमा जानकार हुँदा उनीहरुले भूमिसुधार र मोहियानी हकको वकालन गर्ने शिविरहरु सञ्चालन गर्छन् । तर वास्तवमा उनीहरु राजनीतिक उतारचढाव भइरहने देशमा आफ्नो आर्थिक स्थिति र सरकारी स्थानको सुरक्षामा मात्र चिन्तित छन् । एक किसानले उल्लेख गरे, "राजनीतिक पार्टीले हामीलाई प्रयोग गरेर फाल्छन् ।"

ङ. उदाउँदो चलन र अवसरहरु

१. गरीबपक्षीय भूमि अधिकार वकालत

क्रमसँगै सरकार र राजनीतिज्ञहरुले कुनै परिवर्तन गर्न नसकेकाले नागरिक समाजले राष्ट्रिय क्षेत्रीय जिल्ला र समुदाय क्षेत्रमा संस्थागत भएर प्रतिक्रिया जनाएको छ। नेपालमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सीएसआरसी) मुख्य भूमि अधिकार समूहका रुपमा देखिएको छ र नेपालका पचासवटा जिल्लाहरुमा यसको उपस्थिति छ। सीएसआरसीले, भूमि अधिकारवादीहरुलाई सहायता र प्रशिक्षण दिन्छ र काठमाडौंमा राजनीतिक दबाब दिन्छ।

सीएसआरसीले भूमि प्रमाणपत्र प्राप्त गर्न सहयोगी हुने पर्याप्त प्रमाणका बावजुद प्रमाणपत्र नपाएका समुदायहरुको पहिचान गर्न स्थानीय निकायहरुसँग सहकार्य गरेको छ। उनीहरुको कामबाट हजारौं भूमि प्रमाणपत्र वितरण भएको छ।

समुदायका सदस्यहरु भूमि प्रमाणपत्रको कमीले समुदायमा हातेपम्प स्थापन गर्न नसकेको स्थानमा आफैंले व्यवस्था गर्ने जस्तो कार्यबाट आफैंलाई सहयोग गर्न परिचालित छन्। उनीहरु यो पनि मान्छन् कि आफैंलाई संस्थागत गरेमा मात्र जमिन्दारहरुको बढ्दो दबाब खप्न सक्छन्, जो प्रायः सरकार र प्रहरीसँग मिलेमतो गर्छन्। धेरै अधिकारवादी र व्यक्तिहरुले संस्थागतबाट मात्र विस्थापन झेल्न सकेको मान्छन्। तैपनि भूमि अधिकारवादीहरु आफैंले तनाव झेल्छन्, जुन प्रायः उनीहरुको बढ्दो शक्तिका कारण उग्र हुन्छ। कैलालीका भूमि अधिकारवादी खुशीराम भन्छन्, “म आन्दोलनमा भएका कारण जमिन्दारले मलाई एक वर्षका लागि भूमि दिए र त्यसपछि अर्को भूमिमा जान भने... हामी जुन भूमिमा बस्छौं, जमिन्दारले त्यहाँबाट जान भन्छन्। बलपूर्वक विस्थापनहरु हुन्छन्, यो वर्षैपिच्छे हुन्छ।”

तराईमा सामाजिक विकास र अनुसन्धान केन्द्र नामक एक सानो एनजीओसँग काम गर्ने बाँकेकी विष्णु रोकाले आफूले जमिन्दारले खटाएको “समूहहरु” बाट धम्की पाउने गरेको बताइन्। उनले भनिन् कि उनीहरुलाई आक्रमण गर्ने ‘भूमिगत पार्टीहरु’ छन्, जोसँग बन्दुक छ। अरु जमिन्दारका समूहहरु हुन्, जसले स्थानीय समुदायहरुको जासुसी गर्छन्।

२. राज्यको प्रतिक्रिया र सुधारहरु

दसवर्षे माओवादी जनयुद्धको अन्त्यपछि सरकारले विभिन्न तरिकाबाट भूमि सुधारको विषयमा कार्य गर्न खोजेको छ- संविधान निर्माण प्रक्रिया र संविधानमा सामाजिक-आर्थिक अधिकारको स्थानको छलफलबाट, भूमि अधिकार समूहहरुको परिचालनबाट र भूमि र भूमिहीनताको विषय हेर्न दुई मुख्य आयोगको गठनबाट। वास्तवमा सीपीएले २००६ मा एउटा एजेन्डा तयार गऱ्यो, जसमा सामाजिक-आर्थिक अधिकारप्रति बढी महत्वको वाचाहरु समावेश थियो र निश्चित रुपमा भूमिसँग सम्बन्धित नीतिहरु थियो। सीपीएले जीविकोपार्जनको अधिकारसहित सामाजिक-आर्थिक अधिकारवादीहरुप्रति प्रतिबद्धता जनाउँछ। द्वन्द्वपश्चात्को परिवेशमा अवलम्बन गरिउको अन्य संरचनाहरुको तुलनामा “आर्थिक र सामाजिक न्यायप्रतिको वृहत र निश्चित लक्ष्य” र देशमा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको निम्ति नीतिहरुको अवलम्बनमा धेरै नै क्रान्तिकारी हुनसक्छ। सीपीएको लक्ष्यमा भूमिसुधार केन्द्रमा रहेको छ, जसले सामन्ती स्वामित्वको अन्त्य गरी वैज्ञानिक भूमिसुधार कार्यक्रमहरुको सञ्चालन गर्ने र “भूमिहीन, बधुवा मजदुरहरु र ग्रामीण किसानहरुसहित आर्थिक रुपमा विपन्न वर्गहरुलाई भूमि र अन्य आर्थिक-सामाजिक सुरक्षा” अपनाउन आह्वान गर्दछ। सीपीएले भूमिको समान पुनर्वितरणलाई पनि प्रोत्साहन गर्दछ, जुन अन्तरिम संविधानले राज्यलाई सार्वजनिक उद्देश्यका निम्ति जफत भएको सम्पत्तिको निम्ति क्षतिपूर्ति दिने र “सामन्ती भूमि स्वामित्व त्याग्न” प्रतिबद्ध बनाउने भनी चर्चा गरेको छ।

सरकारले तीनवर्षे अन्तरिम योजना पनि तयार गरेको छ, जसले वैज्ञानिक भूमिसुधारको परिभाषा दिन्छ र भूमिसुधारका कार्य गर्न उच्चस्तरीय भूमि आयोगको स्थापना, महिला वा अन्य विपन्न समूहका सदस्यहरुले भूमि खरिद गर्दा कारोवार शुल्कमा ५०% छुट र भूमि क्षेत्रफलको ठिक मापन गर्न पूर्ण आधुनिक (Digitize) भूमि प्रमाणपत्रको व्यवस्थासहित बीस वटा वृहत् लक्ष्यहरु चयन गरेको छ। त्यसमाथि पनि २००८/०९ को राष्ट्रिय बजेटले बँधुवा मजदुरहरुलाई प्रभावकारी रुपमा मुक्त गर्न र पुनर्स्थापना गर्ने कार्यक्रमसहित अन्य विभिन्न भूमिसुधार कार्यमा रकम विनियोजन गर्न प्रतिबद्धता जनाउँछ। यसले राष्ट्रव्यापी रुपमा सार्वजनिक र सरकारी

भूमिको तथ्य राखी भूमि दर्तालाई कम्प्युटराइजेसन पनि गर्छ। २०१०/२०११ बजेटले ग्रामीण क्षेत्रहरमा महिलाको नाममा स्वामित्व सार्दा भूमि दर्तामा ३०% छुटको पनि व्यवस्था गर्छ। तर सरकारले निजी भू-नियन्त्रण क्षेत्रभित्र बन्ध्याकरण वा पुनर्वितरण उल्लेख गरेको छैन। आफ्नो भूमि बाँझै राख्नेले त्यसलाई करको दायरामा परेको पाउने छन्, जसले उनीहरुलाई त्यो किन्न सक्नेलाई बेच्न प्रेरित गर्छ। यसरी यो भूमि गरीब र असक्षमहरुको पहुँचबाट टाढा नै रहन सक्छ।

आशा जीवितै रहँदा र काठमाडौं भूमिसुधारतर्फ लाग्दा, वास्तविक परिवर्तनको प्रतिनिधित्व गर्ने दृष्टि लक्षित हुनुपर्छ। जुन विगतमा कम थियो। सामुदायिक आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले धेरै समिान्तकृत र भूमिहीनहरुको आवाजको प्रतिनिधित्व गर्छन्। जसले भूमिसुधार आर्थिक विकास, स्वतन्त्रता, बन्धन र शोषणबाट मुक्त हो भन्ने अडान राख्छन्- "अन्य धेरै मुलुकहरु जस्तै नेपालमा भूमि गुमाउनु भनेको जीविकोपार्जनको बाटो आय, सुरक्षा, खाद्य, बसोबास र स्वाभिमान गुमाउनु हो। आर्थिक र राजनीतिक शक्तिको थप समान पुनर्वितरण नभएसम्म गरीबहरमा पनि गरीब वर्गको इच्छाको प्रतिनिधित्व हुने छैन।" अर्थपूर्ण समाधानका लागि सरकारले नेपालमा भूमिहीनताको ऐतिहासिक अंशहरुको सम्बोधन गर्नुपर्छ, जुन बँधुवा मजदुरहरुको पुनर्स्थापन र भूमिहीनहरुलाई प्रभावकारी भूमि पुनर्वितरणमा जरा गाडेर बसेको विभेदपूर्ण नीति, अन्यायपूर्ण अनुदान विनियोजन र लगानीमा जरा गाडेर रहिरहेको छ। भूमिले आर्थिक स्वतन्त्रता र सामाजिक उत्थानको शक्ति नियन्त्रण गर्ने मुलुकमा सबै नेपाली जनताको मानवअधिकारहरु सुरक्षित गर्न सान्दर्भिक र जिम्मेवार भूमिसुधार आवश्यक छ।

नेपालमा भूमिसुधार राजनैतिक रुपमा सूक्ष्म विषय रहेको छ। किनभने भू-उपयोग व्यवस्थाको परिवर्तनले काठमाडौंमा केन्द्रित आर्थिक र राजनीतिक शक्तिमा असर गर्छ।

भूमिसुधार कसरी अघि बढ्नुपर्छ भन्नेमा विभिन्न विचारहरु रहेको राजनीतिक पार्टी समावेश रहेको केन्द्रीय सरकारले सानो राजनीतिक सम्झौताको छलफललाई यथास्थितिमा राख्छ। द्वन्द्वपछि अपनाइएका दस्तावेजहरुका प्रारम्भिक बुँदा बलिया र निश्चित छन्, जसले अर्को थालनीको आवश्यकतालाई कम स्थान दिन्छ।

उच्चस्तरीय आयोगको स्थापना डिसेम्बर २००८ मा भयो तर कमैले यसले उल्लेखनीय सुधार ल्याउन सक्ने विश्वास गरेका छन् र आयोगभित्र नै धेरै कर्मचारी परिवर्तन भइसकेका छन्। हालको उच्चस्तरीय भूमिसुधार आयोग सुरुमा माओवादी नेता हरिबोल गजुरेलले नेतृत्व गरेका थिए, जोसँग भूमिसुधारमा कुनै अनुभव थिएन। २००९ को गृष्ममा सुरु भएको राजनीतिक विवादपछि सुधार आयोगको सचिव र एकै आयुक्त (कमिश्नर) कि त राजीनामा दिएर वा बर्खास्त गरिएर हटे। आयोगले त्यहाँदेखि स्थानीय समुदायहरुमा सर्वेक्षण गरी सुझावहरु निर्माण गर्ने कार्य सुचारु गरेको छ। तर नयाँ आयोग पहिलाको तुलनामा धेरै सुधार होइन। त्यहाँ एघार सदस्यहरुमा केवल एक महिला र एक भूमिहीन दलित छन्। सचिव घनेन्द्र बस्नेतसहित बाह्र सदस्यसँग गरीब-सम्बन्धित एजेन्डाहरु भएको देखिएको छ। तर अन्य ६ जना समान सामाजिक स्थान कायम राख्न र अधिक भू-नियन्त्रणको सुरक्षा गर्न केन्द्रित रहेको देखिन्छ। अन्य सदस्यहरुलाई प्राथमिक रुपमा विगतका भूमिसुधार आयोगहरु र राजनीतिक पार्टीहरुबाट लिइएको पाइन्छ। फलस्वरुप आयोग सुधारको साधारण नीतिहरुको सहमतिमा पुगेको छ तर नयाँ भूमि बन्ध्याकरण कहाँ लागू गर्ने, भूमिहीन समूहहरुलाई कसरी पहिचान गर्ने जस्ता प्रश्न विवादित नै रहेका छन् र दस्तावेज पारित गर्न अझ बाँकी रहेको छ। अन्य सरकारी प्रतिबद्धताहरुले पनि भूमिसुधार लागु हुनुपर्ने माग गर्छन् तर थोरै मात्र कार्यान्वयन भएको छ।

३. संक्रमणकालीन न्याय र अन्तर्राष्ट्रिय समुदाय

विश्वव्यापी संक्रमणकालीन न्याय कार्यक्रमले आफ्नो चासो र कार्यक्रमहरु मुख्य रुपमा द्वन्द्वकालमा भएका नागरिक र राजनीतिक अधिकार हननको निरीक्षण गरेर आफ्ना उद्देश्यहरु नागरिक र राजनीतिक अधिकारहरुमा केन्द्रित गर्छ। युएनबाट पारित भएको वा गैससबाट सुरु भएको अन्तर्राष्ट्रिय संक्रमणकालीन न्याय कार्यक्रमहरुले द्वन्द्व सकिएलगत्तै एक क्षेत्रबाट अर्कोमा गई कस्तो संयन्त्र अपनाउने भन्नेमा सुझाव र सल्लाहरु दिन्छ। यी सुझावहरु मुद्दा दायर गर्नेदेखि सत्य आयोग निरीक्षण र पुनरोत्थान (Lustration) व्यवस्था र क्षतिपूर्ति कार्यक्रमहरको सुझाव दिन्छ। धेरै कार्यक्रमहरु आर्थिक महत्वमा राम्ररी स्थापित भए पनि राजनीतिक परिवर्तन र पुनर्निर्माणमा ध्यान दिइएको छ।

एकातिर द्वन्द्वको कारण र प्रभावबीचको दुरी पहिचान र अर्कोमा नागरिक र राजनीतिक अधिकारमा हालको द्वन्द्वपश्चात्को नमूनामा रहेको महत्वको परिप्रेक्ष्यमा केही विज्ञहरुले अहिले “पूर्ण” सिद्धान्त र न्यायको अभ्यासको आवश्यकताको सुझाव दिन्छन् । आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारहरुको चासोका समावेशले परिवर्तन निम्त्याएको द्वन्द्वको समयमा गरिएका अपराध र शोषणमा पुगेर त्यसको सीमाभन्दा पर जाने र यसले द्वन्द्वपूर्व भएका मानवअधिकार हनन, यसको कारण वा यसलाई सहयोग गरेको कारणहरुका विषयमा सम्बोधन गर्ने “परिवर्तनशील न्याय” सुनिश्चित गर्छ । यो प्रयासले सुनिश्चित गर्ने छ कि द्वन्द्वपश्चात् संक्रमणकालीन सरकार तथा अन्तर्राष्ट्रिय कार्यकर्ताहरुको कामको उद्देश्य आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारहरु हुनेछन् ।

नेपालले दुईवटा प्राथमिक संक्रमणकालीन संयन्त्रहरु अपनाएको छ- सत्य तथा मेलमिलाप आयोग (Truth and Reconcilation Commission, TRC) र बेपत्ता आयोग । सीपीए (CPA) आफैंले “द्वन्द्वको समयमा गम्भीर रुपमा मानव अधिकारहरु उल्लङ्घन गरेका र मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य-तथ्य अनुसन्धान गर्न र मेलमिलापको वातावरण बनाउन” सत्य तथा मेलमिलाप आयोग गठनका निम्ति आह्वान गरेको थियो । जुलाई, २००७ मा टीआरसीको निम्ति जारी गरिएको प्रस्तावना-पत्रले संयुक्त राष्ट्र र अन्तर्राष्ट्रिय गैससको कडा आलोचना सामना गऱ्यो । यी आलोचनाहरु प्रस्तावमा रहेको गम्भीर गल्तीहरुमा उचित रुपले केन्द्रित रहे पनि ती आर्थिक न्याय समावेश नगरिएको कडा विषयको म्यान्डेटको निम्ति प्रस्तावलाई आलोचना गर्न असफल रहे । अन्तर्राष्ट्रिय दबाबले सरकारलाई जुलाई २००७ मा बेपत्ताहरुको निम्ति आयोग (Commission on Disappearances) गठन गर्न योजनाहरुको घोषणा गर्न बाध्य पाऱ्यो । र, बेपत्ताहरुको निम्ति प्रस्तावना-पत्र नोवेम्बर, २००८ मा सार्वजनिक गरियो । यो प्रस्तावको पनि तीव्र आलोचना भयो । विशेष रुपमा यसमा ‘बेपत्ता’ को सन्देहपूर्ण परिभाषाका कारण । स्पष्टताको कामले दोषीलाई उम्कने बाटो दिन सक्थ्यो र यसको स्वतन्त्रतालाई बिगार्न सक्थ्यो ।

एनजीओ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरुबाट आउने अन्तर्राष्ट्रिय सहयोगले पञ्चायतकालदेखि नै नेपालको विकास कार्यहरुको महतवपूर्ण पक्ष भएको छ । असमानतामा भने त्यसको नतिजा मिश्रित छ । एलेक्जान्डर गेसरले उल्लेख गरे कि “दसकौंसम्म, विशेषगरी शक्ति भएकाहरुले फाइदा लिए, जसको कारण उनीहरु र गरीब तथा सीमान्तकृतहरुको दुरी झनै बढ्यो । प्रायः अवस्थामा अन्तर्राष्ट्रिय निकायहरु र फाइदा लिएकाहरुबीचको दुरीमा ठूलो अन्तर छ ।” असमानताको विषयमा सम्बोधन गर्न नसक्नुको पछाडि एउटा प्रबल कारण प्रायः अन्तर्राष्ट्रिय संस्थाहरु काठमाडौंमा मात्र केन्द्रित रहेको वास्तविकतामा ग्रामीण क्षेत्रहरुमा संवेदनशील जनसंख्याको अवस्था जानकारीका बारेमा कमी हुनु हो । अन्य विज्ञहरुले विकास योजनाहरुमा जारी असमानता र विभेदका समस्याहरु देखिरहेका भए पनि द्वन्द्व-संवेदनशील कार्यक्रम र प्रजातान्त्रिक प्रक्रियाहरुको विकासमा जोड दिँदै २००२ को युद्धविरामपछि दाता समुदाय आफूले लागू गर्ने योजनाको प्रभावकारिता र असरका बारेमा एकदमै सोचपूर्ण छन् ।

## ३. अन्तर्राष्ट्रिय कानुनी संरचनामा भूमि

“माटो जीवनको ठूलो सञ्चार, स्रोत र सबैको गन्तव्य हो ।”

### क. भूमिमा अधिकारमुखी कदम

भूमिको पहुँच र त्यसको नियन्नत्रणले मानव अधिकारका विभिन्न दायरामा असर गर्छ । भूमि र यसका स्रोतहरुबिना, सुरक्षित बसोबास, पर्याप्त खाना, पानी र स्वास्थ्यका साथै सम्बन्धित नागरिक र राजनीतिक अधिकारहरुमा त्रास हुन्छ । भूमि स्वामित्व पूँजीको महत्वपूर्ण स्रोत हुनसक्छ र यसले व्यक्तिगत कोषका विकल्पहरु खोल्दछ । तैपनि उच्च आयको सम्भावनाभन्दा बढी भूमि पहुँचले विशेषगरी गम्भीर समस्याको समयमा बसोबास, खाद्य र आयको मूल्यवान सुरक्षा प्रदान गर्न सक्छ । भूमिले जीवनका सबै पक्षहरुमा प्रभाव पार्छ । ग्रामीण क्षेत्रहरुमा भूमि र जीविकोपार्जनको प्रत्यक्ष सम्बन्ध हुन्छ । यो सम्बन्ध सहर र विकसित क्षेत्रमा कम हुन्छ, जहाँ भूमिमा आधारित स्रोतहरुको आपूर्ति बजार वा अन्य माध्यमबाट पूरा हुन्छ तर यो अझै अन्तरसम्बन्धित नै छ । विशेष रुपमा, ग्रामीण भेगका मानिसहरुको लागि भूमिले गम्भीर प्रभाव पार्न सक्छ । किनभने यो उनीहरुको

जीविकोपार्जनको माध्यम हो । त्यसमाथि पनि प्राथमिक रुपमा यही परिवेशहरुमा भूमिमा दुःख गर्ने लाखौंले त्यसमा आफ्नो अधिकार प्रयोग गर्न पाउँदैनन् ।

भूमिहीनताले खाद्य, बसोबास, पानी, स्वास्थ्य र रोजगारका साथै वृहत् सामाजिक स्थिरता र आर्थिक विकास दुवैमा प्रभाव पार्छ । अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै स्तरमा भूमिसुधार र भूमि पहुँचमा केन्द्रित नीति र कार्यक्रमहरुलाई अधिकारमुखी दृष्टिले नभई आर्थिक दृष्टिले मात्र हेरिन्छ । यो नियममा महत्वपूर्ण अपवादहरु छन्, तर अधिकारको भाषा अपनाइएको ठाउँहरुमा पनि खाद्य, बसोबास र स्रोतहरुको आर्थिक सामाजिक ( 'सकारात्मक') अधिकारको तुलनामा निश्चित रुपमा नागरिक र राजनीतिक अधिकार र स्वेच्छिक अवरोध विरुद्धको अधिकारमा रोक लगाइएको छ । भूमिहीनता कम गर्न लक्षित आर्थिक विकास नीतिहरुले पक्कै पनि भूमिहीनता, भोकमरी र भूमिहीनताको अन्य नकारात्मक प्रभावहरु कम गर्न सहयोग गर्न सक्छ । तैपनि संयुक्त मानव अधिकारको विषय ती कसको स्वामित्वमा छ र त्यो प्रदान गर्न को जिम्मेवार छ भन्ने सन्दर्भमा अधिकारको मुख्य आधार गुमेको छ । खाद्यको अधिकारका सम्बन्धमा स्मिता नरुलाले प्रष्ट पारिन्, "आर्थिक वृद्धि र बढ्दो खाद्य उत्पादन मौखिक रुपमा लागू भइरहे पनि आर्थिक वृद्धिले गरीब र संवेदनशील जनसंख्यालाई समावेश नगरेमा उनीहरु आफैंमा पर्याप्त खाद्य सुरक्षा निश्चित गर्ने अवस्थामा छैनन् ।" अधिकारमुखी कदमले सबै व्यक्तिहरु विभेदबिना विश्वव्यापी रुपमा आधारभूत मानवअधिकारको विषय हुनेछन् । यसले रहिरहेका नीति र कार्यक्रमहरु विश्लेषण, पुनर्विचार र निरीक्षण गर्नका निम्ति आधार पनि प्रदान गर्छ ।

सुरक्षा, आर्थिक विकास र मानव अधिकारहरुका बारेमा सम्बोधन गरिरहेका विश्वव्यापी नेतृत्वकर्ताहरुले बढ्दो तबरमा भूमि र भूमिको पहुँचको जिम्मेवारीलाई महत्व दिन थालेका छन् । हालसालै मानवअधिकार र विश्वव्यापी भूमि पकडको अन्तरसम्बन्धमा चासो बढेको छ । तैपनि भूमिको अधिकारमुखी कदमहरुका तत्वहरु भने अझै बनाई सकिएको छैन ।

कैयौं अन्तर्राष्ट्रिय नीति दस्तावेजमा भूमिको सन्दर्भ जोडिएको भए पनि अझै अन्तर्राष्ट्रिय मानव अधिकार संरचनामा यसको स्थान अस्पष्ट नै रहेको छ । भूमि अधिकार आदिवासी मानिसहरु र थप सीमित दायरामा, महिलाहरुको अधिकार सम्बन्धी कानुनी संरचनामा राखिएको छ । अन्तर्राष्ट्रिय कानुनमा साझा नीतिहरुले पनि भूमि पहुँच (जस्तै : स्वामित्व र उत्तराधिकारमा समानता र गैर विभेद) र स्वामित्व, नियन्त्रण र भूमिको प्रयोगमा पहुँचका सम्बन्धमा सुरक्षा प्रदान गर्छ र यो बसोबास, खाद्य, पानी रोजगारसहितका अन्य आधारभूत अधिकारहरुको प्रयोगको पूर्व आवश्यकताहरु पनि हुन् । त्यस्ता अधिकारहरुको निम्ति पर्याप्त आधारहरु तैपनि मानव अधिकारको विश्वव्यापी घोषणामा मुख्य मानव अधिकारका सम्झौताहरुमा वृहत मानव अधिकारका सम्बन्धमा भएका विविध अन्तर्राष्ट्रिय दस्तावेजहरुमा भेट्टाउन सकिन्छ ।

यो भागले "भूमि अधिकारहरु र भूमिको अधिकार" का सम्बन्धमा अन्तर्राष्ट्रिय संरचनामा कायम रहेको कार्य संरचनाको निरीक्षण गर्दछ । यसले भूमि सम्बन्धी अन्तर्राष्ट्रिय साझेदारीहरुले सिर्जना गर्ने वास्तविक जिम्मेवारीहरुका सम्बन्धमा प्रश्न उठाउने अन्तर्राष्ट्रिय कार्य संरचनाको नीतिगत दुरीलाई महत्व दिन्छ । अन्य सम्बन्धित अधिकार (जस्तै भूमिको पहुँच बसोबासको अधिकार अग्रदूत भएकोअनुभूतिका रुपमा) को अनुभूति गर्नमा र मानव स्वाभिमानमा जीवनयापन गर्न अभिन्न आत्मनिर्भर विशेषताको दुवैबाट भूमिको अधिकारको आधार कायम हुन्छ । तैपनि "भूमिको अधिकार" नअपनाइएसम्म तल विश्लेषण गरिएका सम्झौताका सान्दर्भिक नीतिहरुले बाध्यताहरु लागू गरिरहने छ ।

ख. भूमिको अधिकार : नीतिगत दूरी

भूमिको अधिकारको वृहत उल्लेखमा कमी भए तापनि घोषणा र विश्लेषणमा मानव अधिकार सम्झौताबाट सबै अन्तर्राष्ट्रिय कार्यसंरचनामा भूमिको कैयौं सन्दर्भ समावेश छ र निश्चित रुपमा "भूमि अधिकार" को । यी सन्दर्भहरुमा भूमि, रहिरहेको अधिकारहरुको आवश्यक स्रोतदेखि निश्चित समूहका निम्ति भूमि अधिकारको सुरक्षा, सम्बन्धित अनतर्राष्ट्रिय सम्पत्ति अधिकार र विकास उत्थानको माधयमका रुपमा भूमि सुरक्षाको वृद्धि गर्न आह्वानहरुसम्म उल्लेखित छन् ।

भूमि अधिकारहरुको सन्दर्भ र ठाउँमा रहेको वास्तविक स्तरहरुले संलेखहरु र अन्तर्राष्ट्रिय निकायहरुले राज्यलाई मानव अधिकार सुरक्षा सहज गर्न भूमि पहुँच सुधार गर्न गरेको तीव्र आह्वानहरुमा प्रकाश छर्दछ ।
भूमि अधिकारहरु, बसोबाससहितका मानव अधिकारसँग आवश्यक रुपमा जोडिएको कुरा वृहत आधारमा पुष्टि गर्ने केही साधारण योजनाहरु भए पनि आफ्ना कार्यक्षेत्र र प्रक्रियामा अस्पष्ट छन् । अन्तर्राष्ट्रिय निकायहरुले तैपनि राज्यलाई भूमिको पहुँच वृद्धि गर्न निरन्तर आह्वान गर्दैछन् ।
CESCR ले बसोबासको अधिकारका विषयमा निरीक्षण गर्दा उल्लेख गरेको छ कि धेरै राज्यहरुमा "भूमिहीनता समाजका गरीब वर्गहरुबाट हुने भूमि पहुँच वृद्धिको भरमा केन्द्रीय योजना लक्ष्य निर्माण हुनुपर्छ" र, "भूमिको पहुँच नामका रुपमा समावेश गरेर शान्ति र स्वाभिमानमा बाँच्न सुरक्षित स्थानको सबैको अधिकार सुनिश्चित गर्ने लक्ष्यका साथ समान सरकारी नीतिहरुको विकास हुनुपर्छ ।"
बसोबासको अधिकारका विशेष दूतले यसमा पनि जोड दिएको छ कि भूमिसुधार विकास अवसरहरु र फाइदाहरुको समान विवरण सुधार गर्न सकिने माध्यम हो । यी आह्वानहरु राज्यका पार्टीहरुको रिपोर्ट अवलोकन गर्दा CESCR ले गरेको कामले पनि समेटेको छ ।
ICESCR को भाषाले नै तर्कसगत रुपमा स्रोतहरुको प्रयोगको माध्यमको असर खाद्यको अधिकारमा भएको जनाउँछ । त्यसैले यसले राज्यका पार्टीहरुलाई "एकदमै प्रभावकारी विकास र प्राकृतिक स्रोतहरुको प्रयोग प्राप्त गर्ने हेतुले व्यवस्थामा विकास वा सुधार गरेर खाद्यको उत्पादन, संरक्षण र वितरणमा सुधार गर्न" निर्देशन दिन्छ । CESCR ले त्यसैले भूमि अत्यावश्यक दृष्टिमा ग्रामीण क्षेत्रका मानिसहरुको निम्ति स्रोत मात्र नभई यसले ग्रामीण भूमिमा बसोबास नगर्ने मानिसहरुलाई पनि खाद्यको पहुँच प्रदान गर्ने जनाउँछ । यसले उल्लेख गर्छ कि खाद्य उपलब्ध हुन, उत्पादनशील भूमि वा अन्य प्राकृतिक स्रोतबाट प्रत्यक्ष खाद्यमा पहुँच राख्न सक्नुपर्छ वा उत्पादन क्षेत्रबा माग अनुसारको ठाउँमा ढुवानी गर्न क्रियाशील रहेका वितरण, प्रशोधन र बजार व्यवस्था हुनुपर्छ ।
भोकबाट मुक्ति निश्चय गर्नमा, भूमिको समान पहुँच आवश्यक रहेको कुरा बारम्बार अनुभव गरिएको छ र CESCR ले सुझाव दिएको छ कि भूमिहीन जनसंख्याका अन्य निश्चित गरीब वर्ग जस्ता सामाजिक रुपमा संवेदनशील समूहहरुलाई विशेष कार्यक्रमहरुमार्फत महत्व दिइनु पर्छ । खाद्य तथा कृषि संस्था (Agriculture Organization) को ऐच्छिक कार्यनीतिहरु (The Food and Agriculture Organization, FAD's Voluntary Guideliness) ले पनि राज्यलाई अति गरीब जनसंख्याको निम्ति निर्देशित भूमि पहुँचको संयनत्र र कृषिभूमिको उचित प्रयोग समावेश गर्ने कार्यक्रम बनाउन र कार्यान्वयन गर्न दबाब दिन्छ । यस्तो नियन्त्रणमुखी कदम भूमिहीन समूहहरुको निम्ति कृषि सुधारको थालनी वा वैकल्पिक रोजगार अवसरहरुको पवर्द्धन गरेर रोजगारी कतिपय सुधार गर्ने माध्यम हुनसक्छ र यसले जोड दिएको छ कि "भूमिको पहुँच र कृषि सुधारले खाद्यको अधिकारमा मुख्य भूमिका खेल्नुपर्छ ।" भूमि पहुँच र खाद्यको अधिकारको महत्वले हाल रहेको विश्वव्यापी खाद्य अभावको प्रकाशमा नयाँ आवश्यकता प्राप्त गर्छ ।
विभिन्न युएन शिष संयन्त्रहरुले भूमि अधिकारको कार्यक्षेत्र र मानव अधिकार सम्बन्धी निश्चित सम्बन्धका बावजुद पर्याप्त सुरक्षाको अभाव स्पष्ट पार्नुपर्ने आवश्यकतामा ध्यान दिन आह्वान गरेको छ । पर्याप्त बसोबासका पूर्व विशेष दूत मिलुन कोथारीले उल्लेख गरे, "भूमिको अधिकारको कानुनी पहिचानको कमी" ले जारी रहेको भूमिहीनताका कारणहरुलाई सम्बोधन गर्न भएको असफलतामा सहयोग पुऱ्याउँछ । उनी दृढविश्वास गर्छन् कि मानव अधिकार समितिले भूमिको मानव अधिकारको प्रश्नको महत्वमा समर्पित गर्नुपर्छ र यसको विषयमा अध्ययनहरु सञ्चालन गर्नुपर्छ, जुन परिचालित किसान र आदिवासस् मानिसहरुको आन्दोलनको कार्यमा निर्माण हुन्छ ।
भूमिको अन्तर्राष्ट्रिय मानव अधिकार कानुनलाई निश्चित रुपमा मानव अधिकारका रुपमा पहिचान गर्न समितिमा विश्वास गरिएको छ । भूमि मिश्रित विषयका रुपमा सम्बन्धित आदेश नियन्त्रकहरुबाट आदिवासी मानिसहरुको महिला विरुद्ध हुने हिंसा विरुद्ध खाद्य र बसोबाससहितका अधिकारहरुको संयुक्त विश्लेषण हुनुपर्छ ।

पर्याप्त बसोबासका विशेषदूतले आफ्नो आह्वान एक वर्षपछि पनि उल्लेख गरे कि समितिले भूमिको अधिकार र सर्वसम्मत मानव अधिकारहरु र पर्याप्त बसोबास र खाद्यको अधिकारका सम्बन्धमा तिनको कार्यान्वयनहरुको बीचको सम्बन्धमा ध्यान दिनुपर्छ र गरिबी, विभेद, हिंसा, अतिक्रमण र विस्थापन विरुद्धको माध्यमका रुपमा कार्य गर्नुपर्छ । त्यसैगरी खाद्य अधिकारको पूर्व विशेष दूतले "विश्वमा भोकमरी हटाउन नै भूमिको पहुँच मुख्य आवश्यकता भएको" विश्वास गर्दै दाबी गरेका छन् :

खाद्यको अधिकार पूरा गर्नु सरकारको जिम्मेवारी हो र विशेष दूत दाबी गर्छन् कि भूमिको अधिकार र परिवर्तनशील र वास्तविक रुपमा पुनर्वितरणमुखी भूमि सुधार आर्थिक, सामाजिक र खाद्यको अधिकार पूरा गर्न सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (International Covenant on Economic, Social and Cultural rights) को दायरामा सरकारको जिम्मेवारीहरुको आधारभूत पक्ष हुनुपर्छ ।

खाद्यको अधिकारका वर्तमान विशेष दूत ओलिभर डी सुटरले पुनर्वितरणमुखी भूमि सुधारको सम्भावित विवादास्पद आह्वानमा कम महत्व दिएर बरु खाद्यको अधिकार सहज गर्ने माध्यमका रुपमा किसानहरुको निम्ति सुरक्षित उपभोग अधिकार प्रवर्द्धन गर्नमा जोड दिएर, भूमिको पहुँच उत्थानमा यो महत्व कायम राखेका छन् । त्यो सन्दर्भमा २००९ मा उनले ठूला-क्षेत्रको भूमि जफत र ठेक्का र खाद्य अधिकारमा तिनको असरसँग सम्बन्धित नीति संकलन प्रकाशन गरे । विशेष दूतले सुरक्षित उपभोगको सुनिश्चिततामा जोड दिने केही स्पष्ट सुझावहरु उल्लेख गरेर खाद्य अधिकारमा भूमि पहुँचले पार्ने प्रभावका सम्बन्धमा युएन साधारण सभामा दस्तावेज प्रस्तुत गरेका छन् । दस्तावेजले उपभोगको सुरक्षा जटिल भए तापनि त्यो प्राप्त गर्न हकदाबी कार्यक्रम सर्वोत्तम प्रक्रिया हुन नसक्ने कुरा सुझाउँछ । बरु उपभोक्ता भूमि उपभोग व्यवस्था र मोहियानी कानुनहरुको सशक्तीकरणले भूमि प्रयोगकर्ताहरुको सुरक्षा सुधार गर्न सक्छ ।

नागरिक समाज र अन्य अन्तर्राष्ट्रिय निकायहरुले पनि अन्तर्राष्ट्रिय कानुनमा नीतिसंगत दुरी पहिचान गरेका छन् र परिभाषा र थप प्रष्टताको माग गरेका छन् । कानुनी संयन्त्रले जटिल भूमि पहुँचको महत्वको लागि प्रदान नगर्ने भए पनि, यो स्पष्ट छ कि भूमि धेरै अन्तर्राष्ट्रिय मानव अधिकारको पहुँचको निम्ति आधारभूत तत्व हो । यी सबै अधिकार भूमिहीन जनसंख्याको मानव अधिकारका चुनौतीको विषयमा जिम्मेवारीको सान्दर्भिक स्रोत रहिरहन्छन् ।

## ग. अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भूमिका सान्दर्भिक नीतिहरु

मानव स्वाभिमान अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको मध्य भागमा छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको विकासमा हुने विभिन्न सम्झौता, घोषणा र दस्तावेजहरुलाई जोड्ने यो निरन्तर रहेको छ । अन्तर्राष्ट्रिय कार्य संरचनामा व्यक्तिको मानवीय स्वाभिमानको आधारभूत स्थान पक्का गर्ने Chapeau of the United Nations Charter ले केन्द्रीय अन्तर्राष्ट्रिय सम्झौताका लागि आधार निर्माण गर्छ, जसले त्यसबाट निस्केका अधिकारहरुको ऐन संग्रह गर्छ । अनुगामी घोषणा र अन्तर्राष्ट्रिय दस्तावेजहरुले मानव अधिकारको सम्मानसहित सबै राज्यहरुलाई व्यक्तिको स्वाभिमान र इच्छाबाट मुक्त रुपमा बाँच्न पाउने अवस्था सिर्जना गर्न निर्देशन दिँदै अन्तर्राष्ट्रिय कानुनी स्तर थप विस्तार गर्छ । बसोबास, खाद्य, पानी, संवाद र भौतिक संरचनाको स्रोत भूमि, मानव स्वाभिमान र मानव अधिकारको अनुभूतिको निम्ति महत्वपूर्ण आधार हो । त्यसैले यी सबै अधिकारहरु भूमिहीन समूहहरुको वेदनाको सवालमा सान्दर्भिक छन् ।

भूमि सक्षम बनाउने स्रोतको रुपमा रहेको अधिकार धेरै पहिलेदेखि अन्तर्राष्ट्रिय मानव अधिकारको कार्य संरचनाको भाग रहेको छ र भूमिको ऐन संग्रहित अधिकार नभए पनि भूमिलाई अन्तर्राष्ट्रिय घोषणा र राज्यको जिम्मेवारीको आदेशसहितको विश्लेषणमा बारम्बार उल्लेख गरिएको छ । विशेषतः यो बसोबास, खाद्य, पानी, स्वास्थ्य र रोजगारसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा अन्तर्राष्ट्रिय समझदारी (International Covenant on Economic, Social and Cultural Rights) मा भएका अधिकारको विषयमा वास्तविक छन् । यो भागले हाल रहेको मानव अधिकारको निर्म्ति भूमिको आवश्यकताको निरीक्षण गर्नेछ । जसले भूमिहीन समूहहरुलाई उपयोगी हुनु मानव अधिकारको कार्यसंरचना तय गर्नेछ । यसले

विद्यमान स्थापित अधिकारहरु अन्तर्राष्ट्रिय कानुनमा कुन अनुपातमा पहिचान भएको छ भन्ने कुरा पनि विचार गर्छ ।

१. अन्तर्राष्ट्रिय कानुनमा सम्पत्तिको अधिकार

वास्तविक सम्पत्तिको रुपमा "स्वामित्व राख्ने, प्रयोग गर्ने र निश्चित कुराको उपभोग गर्ने अधिकार" सम्पत्तिमा हुनुपर्ने अधिकारको यहाँ संक्षिप्त परिचय दिइएको छ । केही हदसम्म सम्पत्तिको अधिकार भूमि पहुँचको बलिया नीतिहरुको विपक्षमा हुन्छ ।

भूमि अधिकारको बुझाइमा बलियो आधार प्रदान गर्न सक्ने विश्वव्यापी नीतिहरुको विकासभन्दा कुन राज्यको विषयमा भूमि पुनर्वितरणको भय र समाजवादको संकेतले अन्तर्राष्ट्रिय सम्पत्ति अधिकार सुरक्षालाई गोपनीयता र परिवारहरुको सुरक्षा गर्न बन्देज गरेको छ । सम्पत्तिको अधिकार पश्चिमी कानुन व्यवस्थामा आधारभूत रहेको र लामो समयदेखि संविधान र पश्चिमा प्रजातन्त्रको कानुनहरुमा सुनिश्चित भएको हुँदा अन्तर्राष्ट्रिय स्तरमा सम्पत्ति अधिकारको समावेश निकै विवादास्पद रहेको छ ।

UDHR_ICCPR र ICESCR ले सम्पत्तिको आधारमा हुने विभेदमा रोक लगाउँछ । CESCR ले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुमा गैरविभेदको छलफल गर्दा उल्लेख गरेको छ कि यो सन्दर्भमा सम्पत्तिको अवस्था "ठूलो विषय हो र यसमा वास्तविक (जस्तै भूमि स्वामित्व वा उपभोग) सम्पत्ति र व्यक्तिगत सम्पत्ति" पर्छन् । UDHR ले "सम्पत्तिको स्वामित्व राख्ने अधिकारलाई थप सुरक्षा दिन्छ । धारा १७ मा उल्लेख छ- "(१) सबैसँग एकल रुपमा वा अरुसँग संयुक्त रुपमा सम्पत्तिको स्वामित्व राख्ने अधिकार छ । (२) कसैलाई पनि स्वैच्छिक रुपमा आफ्नो सम्पत्तिबाट बञ्चित गर्न पाइने छैन ।"

UDHR मा सम्पत्तिको अधिकारको समावेशले यसको छलफलको समयमा यसमा भएको लेख केही विवादहरुको स्रोत थियो । तत्कालै अवलम्बन गरिएको लेख छलफलमा सहभागी धेरै देशहरुले प्रस्ताव गरेको भाषाभन्दा निकै अस्पष्ट थियो, जसमा "सार्वजनिक हित र केवल क्षतिपूर्तिबाट सम्पत्ति लिन रोक लगाइएको नीतिदेखि त्यस्तो सम्पत्ति अवस्थित रहेको राज्यको कानुनको समान रुपमा सम्पत्तिमा स्वामित्व राख्न पाउने अधिकारको सुरक्षा गर्ने कानुन, भाषागत रुपमा मानिसको अधिकार र कर्तब्यहरुको अमेरिकी घोषणा (American Declaration of the Rights and Duties of Man) मा उल्लेखित सबैसँग सामान्य जीवनको आवश्यकता पूरा गर्ने सम्पत्ति राख्न अधिकार छ, जसले व्यक्ति र परिवारको स्वाभिमान कायम राख्न मद्दत गर्छ र त्यसबाट उनीहरुलाई जबर्जस्ती बञ्चित गराउन पाइने छैन ।" एक एनजीओको हालसालैको कार्यले सम्पत्रिले मानव अधिकारहरुसँग सम्बन्ध राख्ने केही तरिकाहरु स्पष्ट पार्ने प्रयत्न गर्छ ।

अन्तिम लेख 'विस्तारित र वृहत' छ र यसलाई सामान्यतया UDHR को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारभन्दा नागरिक र राजनीतिक अधिकारमा पर्ने मानिन्छ । धारा १७ घोषणामा भएका अधिकारबाहेक अन्यको प्रतिनिधित्व गर्दैन । 'अन्य' सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरुको सम्पूर्ण पक्षले एकदमै वृहत रुपमा सम्पत्तिको अधिकारलाई महत्व दिन्छन्, जसलाई Alan Gewirth ले "अधिकारहरुको समुदाय र (The Community of Rights)"भनेका छन् । धारा १७ लाई तसर्थ आर्थिक र पुनर्वितरणमुखी अधिकारभन्दा पनि उदार सम्पत्ति अधिकारहरुको सुरक्षा गर्ने रुपमा बुझिन्छ ।

उल्लेख्य अन्तर्राष्ट्रिय मानव अधिकार सम्झौताहरुको भगमा सम्पत्तिको अधिकार समावेश हुँदैनन्, किनभने सम्झौता भाषामा गर्न सकिँदैन र त्यसै कारण UDHR धारा १७ को कार्यक्षेत्रका सम्बन्धमा विश्वव्यापी सम्झौता भएको छैन । ICCPR ले मानिसको गोपनीयता, परिवार वा समानता प्रतिनिधी र "उसको इज्जत र प्रतिष्ठामाथि हुने गैरकानुनी आक्रमण" का विरुद्ध सुरक्षा प्रदान गर्छ र उल्लेख गर्छ कि सबै जनासँग "त्यस्तो बाधा र आक्रमणहरुको विरुद्ध कानुनी सुरक्षाको अधिकार छ ।" UR मानव अधिकार समिति (UN Human Rights Committee) को साधारण टिप्पणी (General Comment) नं. १७ ले छानबिनको सम्बन्धमा गैरकानुनी र जबर्जस्ती पुऱ्याइने बाधाका विरुद्ध सुरक्षा प्रदान गर्ने कानुन र नीतिहरु अवलम्बन गर्ने जिम्मेवारीमा जोड दिन्छ । उदाहरणका लागि 'व्यक्तिगत' र 'परिवार' को अर्थको विषयमा राज्यको अवलम्बनमा पर्याप्त स्थान प्रदान गर्छ । धारा १७ सँग सम्बन्धित गुनासोको निरीक्षणमा केही समिति सदस्यहरुले वास्तवमै धारा १७ ले कम

सुरक्षा गरेको मानेका छन् । तैपनि धारा १७ ICESCR मा बसोबास र उपभोग सुरक्षासँग सम्बन्धित अधिकारहरुको लागि महत्वपूर्ण मापदण्ड हो । ICCPR र ICESCR तथा तिनका साधारण टिप्पणीहरु बारम्बार जुध्छन् । ICCPR मा 'पर्याप्त बसोबासको अधिकार निर्माण गर्ने एकदमै महत्वपूर्ण आयाम' जुन "अन्य मानव अधिकारहरुबाट भिन्नै रुपमा हेर्न नमिल्ने अधिकार रहेको छ र CESCR ले उल्लेख गर्छ कि अधिकारहरुको हननका लागि 'प्रभावकारी समाधान' प्रदान गर्ने ICCPR को नीतिमा 'जस्तोसुकै सम्पत्तिको लागि पर्याप्त क्षतिपूर्ति' पनि पर्छ । दुई सम्झौताबीचका यी सम्बन्धहरु मानव अधिकारहरुको अविभाज्यनीयताप्रति परस्पर छन् ।

अन्तर्राष्ट्रिय मानव अधिकार कागजातहरुमा सम्पत्तिको अधिकारको सुरक्षाहरु थप ऐन संग्रहित नभए पनि अन्तर्राष्ट्रिय मानवतावादी कानुन (International Humanitorian Law, IHL) ले सशस्त्र द्वन्द्वका सन्दर्भमा सम्पत्तिको केही सुरक्षा प्रदान गर्छ । सशस्त्र द्वन्द्व पूर्व, समयमा र पछि सम्पत्तिको चासो बारम्बार निस्कियो र वास्तवमा द्वन्द्वको कारण प्रायः भौतिक सम्पत्तिको नियन्त्रण नै हुन्छ । सशस्त्र द्वन्द्वको समयमा सम्पत्ति सुरक्षा नियन्त्रण गरेको अन्तर्राष्ट्रिय कानुनले विपक्षीको सम्पत्तिको नारा स्वैच्छिक जफत, सम्पत्तिको 'प्रतिहिंसा', लुट र चोरीको निषेध गर्छ । तैपनि यी सबै 'सैनिक आवश्यकता' वा 'युद्धको आवश्यकताहरुलाई मात्र' अनुमति दिने निलम्बन विधा धेरै अवस्थामा सीमित छन् र यी निलम्बन विधा अन्तर्राष्ट्रिय गिरोह न्यायालय वा अन्तर्राष्ट्रिय न्याय अदालत (International Court of Justice) भन्दा अगाडि कडारुपमा लागू गरिएको छ ।

सम्पत्ति-अधिकारका प्रश्नहरु द्वन्द्वपश्चात्को वातावरणमा पनि उठ्छन्, जसमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (Internally Displaced Persons, IDP) र शरणार्थीहरुले द्वन्द्वपूर्व स्वामित्व भएको बसोबास, भूमि वा सम्पत्तिमा फर्कन खोज्छन् । द्वन्द्वपश्चात् राज्यले भोगेका यी अत्यधिक समस्याहरुका बावजुद पनि परम्परागत रुपमा द्वन्द्वपश्चात् बसोबास भूमि र सम्पत्तिको सुरक्षाको अभाव भएको छ । 'फर्कन पाउने अधिकार' उठिरहेको छ, जसले द्वन्द्वपश्चात् आफ्नो सम्पत्तिमा फर्कन पाउने अधिकार र पुनरुद्धारको अधिकार दुवै समावेश गर्छ । 'फर्कन पाउनुपर्ने अधिकार' आफ्नो जन्मभूमिमा स्वतन्त्र रुपमा फर्कन पाउने अधिकार, पर्याप्त बसोबासको अधिकार, सम्पत्तिको अधिकार र आफ्नो सम्पत्तिको शान्तिपूर्ण उपभोगको अधिकार, बलपूर्ण विस्थापनविरुद्ध सुरक्षित हुनुपर्ने अधिकार गोपनीयता र परिवारको सम्मानको अधिकार र बसाइँ सराइ र आफ्नो बासस्थान रोज्न पाउने अधिकारबाट आउँछ । निश्चित रुपमा अन्तर्राष्ट्रिय गिरोह, न्यायालयहरुलाई सशक्त बनाएर सम्पत्ति फर्काउनका निम्ति त्यस्ता अधिकारहरु गैरबन्ध समाधान र विश्लेषणहरुमा रहने UN निकायहरुले पुष्टि गरेका छन् । आन्तरिक विस्थापनमा गिल्डिङको नीति (Guilding Principles on Internal Displacement र सम्पत्ति क्षतिपूर्तिको नीति (Principles of Housing and Property Restitution for Refugees and Displaced Person, Pinheiro Principles सहित गैरबन्ध दस्तावेजहरुले सम्पत्तिको क्षतिपूर्तिको निम्ति पनि सहयोग प्रदान गर्छ । Pinheiro Principle ले स्पष्ट रुपमा 'बसोबास' र 'भूमि' उल्लेख गर्छ र फिर्ता वा पुनरुद्धार सम्भव नभए क्षतिपूर्तिको आवश्यकता पर्छ । दस्तावेजले 'योग्य' निकायहरुलाई बाध्यताका कानुनहरुबिना आफ्ना नीतिहरु लागू गर्न आह्वान गर्छ, शरणार्थी र IDP को सुरक्षासहित सबै सहमत योग्य छन् ।"

अन्त्यमा, २००५ मा अवलम्बन भएको Pinheiro Principles ले गैरनियन्त्रकहरुको अधिकार पनि सम्बोधन गर्छ । यसले दाबी गर्छ कि सम्भव भएसम्म, मोहीहरु "पूर्व स्वामित्वको अधिकारहरु नियन्त्रण गर्ने जस्तै आफ्नो बसोबास, भूमि र सम्पत्तिमा फर्कन र पुनर्नियन्त्रण र प्रयोग गर्न सक्ने हुनुपर्छ र यसले कानुनी धनी फिर्ती अगाडि सम्पत्तिको नियन्त्रण राखेका व्यक्तिहरु 'माध्यमिक निवासी' को अधिकार पनि सम्बोधन गर्छ । ती अधिकारहरु राज्यलाई कम्तीमा 'राम्ररी' कार्य गरिरहेका माध्यमिक निवासीहरुको सन्दर्भमा बसने ठाउँ नभएका ती निवासीहरुको पहिचान गरेर वैकल्पिक बसोबास प्रदान गर्न आह्वान गर्ने सुरक्षा प्रक्रियासँग सम्बन्धित छन् ।

२. बसोबास र सम्बन्धित सामाजिक-आर्थिक अधिकारहरुको पर्याप्त स्तरको अधिकार

ICESCR को धारा ११ मा 'भूमि' को उल्लेख भएको छैन तर समितिले सम्झौतामा कहीँ नभएको पानीको अधिकार निर्माणका बारेमा हालसालै पुनर्विचार गरिरहेकाले जीविकोपार्जनको पर्याप्त स्तरको अधिकारका विषयवस्तुहरुको सूची परिपूर्ण हुने सोचिएको थिएन । नीतिको लेखमा सम्बन्धित भागमा यस्तो लेखिएको छ : "हालको सम्झौतामा राज्यका पार्टीहरुले सबैको आफ्नो र आफ्नो परिविारको निम्ति पर्याप्त खाद्य, पोसाक, बसोबास र जीविकोपार्जनको अवस्थाको निरन्तर सुधारसहितको जीविकोपार्जनको पर्याप्त स्तरको पहिचान गर्दछन् ।" 'सहितको' शब्द प्रयोगले खाद्य, पोसाक र बसोबासबाहेक अन्इ वस्तुहरु पनि हुनसक्ने जनाउँछ । समिति बताउँछ कि सम्झौताको लेखमा नभएको पानीको अधिकार निश्चित रुपमा जीवनको आधारभूत आवश्यकतामध्येको एक भएकाले जीविकोपार्जनको पर्याप्त स्तर सुनिश्चित गर्न आवश्यक पर्ने वर्गमा पर्छ ।"
त्यसैगरी भूमि जीवनको आधारभूत आवश्यकता तर सीमित स्रोत हो । कुनै संकोचबिना यो ICESCR मा पर्याप्त बसोबास खाद्य र पानीको अधिकारको अनुभूति गराउने स्रोत हो । बजारले भूमिको उत्पादन व्यक्तिहरुसमक्ष पुऱ्याउने सहरी र अर्धसहरी क्षेत्रहरुमा यो वास्तविकता हो तर यो ग्रामीण समुदायमा विशेष महत्वको छ, जहाँ भूमिबाहेक कमै विकल्पहरु रहन्छन् । भूमिको पहुँच नभएकाहरु ऋणको पहुँच नभएका 'गरीबको पनि गरीब' हुन्छन् । भूमिहीनताले पर्याप्त बसोबासको अधिकारको पूर्ण अनुभूतिमा बाधा सिर्जना गर्छ र यसले कमजोर स्वास्थ्य, भोकमरी, खाद्य असुरक्षा र चरम गरिबी पनि निम्त्याउन सक्छ ।
उपभोग सुरक्षा, सम्बन्धित बसोबास र सम्पत्तिको अधिकारमा भूमिहीनताको प्रभाव सम्भवतः सबैभन्दा स्पष्ट हुन सक्छ । सम्पत्ति अध्याग्रहण गर्न पूर्ण अधिकार नहुँदा सबैसँग उपभोग सुरक्षाको केही अंश हुनुपर्छ । स्वामित्व खासै आवश्यक हुँदैन र अन्य विकल्पमा भूमि र सम्पत्तिको अधिकारसहित भाडा (सार्वजनिक वा निजी) को आवास, सहकारी बसोबास, ठेक्का, धनी-अधिकार (Owner-Occupation?) आपतकालीन बसोबास र अनौपचारिक बसोबास समावेश छन् । बसोबास पहुँचयोग्य हुन भूमि पनि पहुँचयोग्य हुनुपर्छ । वास्तवमा, धेरै व्यक्तिहरुका साथै सम्पूर्ण समुदायकै लागि भूमि पर्याप्त बसोबासको अधिकार एकदमै संदिग्ध हुने महत्वपूर्ण र पर्याप्त अवस्था हो ।" सुरक्षित र बसोबासयोग्य हुन मानिसहरुलाई चिसो, आलोपन, तातो, वर्षा, हुरी वा स्वास्थ्य संरचनाका खतरा र रोगका कारकहरुबाट सुरक्षा दिने पर्याप्त स्थान हुनुपर्छ । त्यसैले "भूमिको पहुँच र पर्याप्त बसोबासको अधिकारका बीचमा स्पष्ट र वास्तविक सम्बन्ध छ ।"
भूमिहीनता गैरकानुनी र बलपूर्ण विस्थापनको कारण र नतिजा दुवै हो, जुन विकसित अन्तर्राष्ट्रिय कानुनी स्तरहरुका बावजुद पनि विश्वमै सावधानी अपनाउनु पर्ने अनुपातमा हुन्छ र प्रायः यी मानिसको गोपनीयता, सुरक्षाको अधिकार र अमानवीय वा नराम्रो व्यवहारबाट मुक्त हुने अधिकार उल्लंघन गर्दै हिंसात्मक रुपमा हुन्छन् । विस्थापनहरुले निश्चय पनि बसोबासको अधिकार हनन गर्छ । त्योसँगै यसरी बढ्दो सामाजिक असमानता, सामाजिक द्वन्द्व र विभेद निम्त्याउँछ ।
भूमिको अधिकार "विश्वबाट भोकमरी हटाउने महत्वपूर्ण एउटा मुख्य तत्व" पनि हो र धेरै ग्रामीण मानिसहरु आफू भूमिहीन भएकाले, सुरक्षित उपभोगको स्वामित्व नराख्ने भएकाले वा आफैंलाई खान पुग्ने पर्याप्त खाद्य उत्पादन गर्न नसक्नु, थोरै सम्पत्ति भएकाले भोकमरीबाट पीडित छन् । खाद्य अधिकारका सम्बन्धमा राज्यको जिम्मेवारी, जसमा भोकमरीबाट मुक्त हुने मौलिक अधिकार पनि पर्छ, को परिभाषामा खाद्यको अधिकारका विशेष दूतले निरन्तर रुपमा सम्मान सुरक्षा र अधिकार पूरा गर्न भूमिको महत्व औंल्याएका छन् । भूमिबाट गरिने विस्थापनले "विशेषगरी भूमि मानिसहरुले आफैंलाई लालनपालन गर्ने, प्राथमिक माध्यम भएमा" खाद्यको अधिकारको उल्लंघनको वृद्धि पनि गर्छ । खाद्य अधिकारका विशेष दूतले भूमिबाट भएको विस्थापनले खाद्य अधिकारको गम्भीर उल्लंघन भएका कैयौं घटनाहरु संकलन गरेका छन् ।
भूमिहीनता र विस्थापनले सफा खानेपानीको पहुँचमा पनि त्रास उत्पन्न गराउँछ, जुन "बसोबास वा भूमिको अवस्था" को आधारमा बञ्चित गर्न पाउँदैन । त्यसैगरी, भूमि पहुँचले खाद्य र पानीको उपलब्धतामा असर पार्ने भएकाले, भूमिहीनताको अवस्थाबाट उच्च स्वास्थ्य स्थिति प्राप्त गर्ने अधिकार पनि प्रभावित हुनसक्छ ।
अन्त्यमा, भूमि रोजगारको अधिकारसँग सम्बन्धित छ, जसमा "सबैको आफूले स्वतन्त्र रुपमा रोजेको वा स्वीकार गरेको रोजगारबाट जीवन गुजार्ने अवसरको अधिकार समावेश छ ।" तैपनि, उपभोग सुरक्षा, विशेषगरी ग्रामीण क्षेत्रहरुमा प्रायः "उत्पादनशील मजदुरको पदसँग गम्भीर रुपमा जोडिएको छ । केही मानिस वा समुदायहरुका

लागि भूमि पहुँच कायम राख्ने वास्तविक आवश्यकता भनेको उनीहरुलाई खतरापूर्ण वा एकदमै अन्यायपूर्ण अवस्थामा काम गर्न दबाब दिइने अर्थ राख्छ । यी अर्ध-बँधुवा अवस्थाहरुले काम गर्ने अधिकार र काम गर्ने न्यायिक र राम्रो वातावरणको अधिकार मात्र नभई दबाबमूलक वा बाध्यात्मक मजदुरी विरुद्ध निषेधको पनि अवज्ञा गर्छ ।

धारा ११ मा र सम्झौताको अन्य भागहरुमा उल्लेखित भूमि सम्बन्धित अधिकारहरु जीवनलाई मानव स्वामित्वमा नेतृत्व गर्न दृढ छन् र ती ICCPR मा जीवनको स्वाभाविक अधिकारहरुसहित स्वाभाविक रुपमा अन्य मानव अधिकारहरुसँग जोडिएका छन् । यी अधिकारहरुलाई कैयौं सम्झौता, नीतिहरु र घोषणाहरुमा पुष्टि गरिएको छ । समितिको साधारण टिप्पणी (General Comment?) ले अन्य अधिकारसँगै बसोबास, खाद्य, पानी, रोजगार र स्वास्थ्यको अधिकारको नियमसंगत विषयका खाकाहरुको वर्णन गरेको छ । यी अधिकारहरुसँग सम्बन्धित आदेश दिने विशेष प्रक्रियाहरुले पनि आफ्नो वार्षिक रिपोर्ट र राष्ट्र मिशन रिपोर्टहरुले अन्तर्राष्ट्रिय कानुनमा विकासहरुको विश्लेषण गरेर राष्ट्रिय जिम्मेवारीहरुको सन्दर्भमा निश्चित प्रश्नहरु स्पष्ट पारेका छन् ।

३. निश्चित भूमि अधिकार सुरक्षाहरु

अन्तर्राष्ट्रिय कानुनमा भूमिको पहुँचलाई पूर्ण सुरक्षा कमै भए पनि दुई क्षेत्र, आदिवासी मानिस र महिलाहरुलाई सुरक्षा प्रदान गर्नेमा वृहत भूमिको अधिकार विकास भएका छन् । ती सुरक्षाहरु गम्भीर र हलुका कानुनी कागजातहरु दुवैमा बनाइएको छ ।

भूमि पहुँच र प्रयोग बारम्बार मानिसहरुको आत्मिक सांस्कृतिक र सामाजिक पहिचानसँग जोडिएको छ । तसर्थ, भूमि अधिकारहरु आदिवासी अधिकारहरुको कोणमा बनाइएका छन् । अन्तर्राष्ट्रिय श्रमिक संगठनले १९८९ मा अवलम्बन गरेको आदिवासी र जातीय मानिसहरुको विषयको सम्मेलन १६९ (Convention 169 on Indigenous and Tribal People) ले राज्यका पार्टीहरुलाई कानुनी रुपमा बाँधेको छ र यो आदिवासी मानिसहरुको अधिकारका सम्बन्धमा एकमात्र दायराबद्ध अन्तर्राष्ट्रिय संयन्त्र हो । सम्मेलनले “आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासको सम्भव भएसम्म नियन्त्रणको अभ्यास गर्न” आदिवासी मानिसहरुको अधिकार स्थापना गर्छ । सम्मेलनमा भूमि सम्बन्धी एउटा भाग नै समावेश गर्छ र आदिवासी मानिसहरुले परम्परागत रुपमा स्वामित्व राखेको भूमिको पहिचान गरी स्वामित्वको सुनिश्चितता र अधिकारको सुरक्षा गर्न राज्यका पार्टीहरुलाई आग्रह गर्छ । सारांशमा “कानुनी रुपमा नओगटेको तर जीविका र परम्परागत कार्यहरुमा उपभोग भइरहेको भूमिको प्रयोगसँग सम्बन्धित मानिसहरुको अधिकार संरषण गर्न उपयुक्त अवस्थाहरुमा उपायहरु अपनाइने छ ।” सम्मेलनले भूमिको दाबी समाधान गर्न कानुनी प्रक्रियाको नीति माग गर्छ, बलपूर्वक विस्थापन विरुद्ध सुरक्षा दिन्छ र प्राकृतिक स्रोतमाथिको र भूमि (कम्तीमा उस्तै गुणस्तर र क्षेत्रफलको) वा रकमबाट गुमेको भूमिको फिर्ता वा क्षतिपूर्तिको अधिकार स्थापना गर्छ । २००७ मा आदिवासीहरुको अधिकारको घोषणाले उल्लेख गर्छ, “आदिवासी मानिसहरुसँग उनीहरुले परम्परागत रुपमा स्वामित्व राखिरहेको, ग्रहण गरिरहेको वा उपयोग वा प्राप्त गरेको भूमि क्षेत्र र स्रोतहरुको अधिकार छ ।” दायरामुखी नभए पनि घोषणाले उल्लेख गर्छ कि आदिवासी मानिसहरुसँग आफ्नो भूमिमा स्रोतहरुको स्वामित्व राख्न र विकास गर्ने अधिकार राज्यबाट आदिवासी भूमिको कानुनी मान्यता हुनुपर्ने अधिकार र उनीहरुले परम्परागत रुपमा स्वामित्व राखेको वा अन्य तरिकाबाट उपभोग वा प्रयोग गरेको तर जफत गरिएको, लिइएको, प्रयोग गरिएको वा क्षति पुऱ्याइएको भूमि, क्षेत्र वा स्रोतहरुको निधान गर्ने अधिकार छ ।” सम्मेलन र घोषणा दुवैले सहभागीमूलक छल र आदिवासी मानिसले उपभोग गरेको भूमि सम्बन्धी निर्णय गर्दा विशेषगरी सरकारले त्यस्ता मानिसहरुलाई तिनका भूमिबाट पुनर्स्थापना गर्ने योजना बनाइरहेको स्थानमा स्वतन्त्र अग्रिमर जानकारीसहितको सहमतिमा जोड दिन्छ । मुख्य सम्झौताहरुले राज्यले ग्रामीण महिलाहरुको समान भूमि पहुँच र स्वामित्वको सुधारमा पनि महत्व दिनुपर्ने जनाउँछ । यो CEDAW को नीति अन्तर्गत स्पष्ट छ, जसले राज्यहरुलाई महिलाले “कृषि सापटी र ऋणहरुको पहुँच बजार सुविधा, भूमि सुधार कार्यमहरु तथा भूमिमा उपयुक्त प्रविधि र समान व्यवहार” सुनिश्चित गर्न पनि निर्देशन दिन्छ । त्यसमाथि CESCR ले “विशेषगरी महिलाका लागि अंश र भूमि वा अन्य सम्पत्तिको अधिकारसहित पूर्ण र समान आर्थिक स्रोतको पहुँच” को सुनिश्चितताको आवश्यकतामा जोड दिन्छ र FAO को Voluntary Guidelines ले

पनि भोकमरी उन्मूलनको माध्यमका रुपमा महिलाका निम्ति भौतिक पहुँचमा महत्व दिन सुझाव दिन्छ । अन्ततः मानवअधिकार आयोगको प्रस्ताव र अन्य अन्य मानव अधिकार निकायहरुको प्रस्तावहरुले महिलाहरुको निम्ति समान भूमि पहुँचको आह्वान गर्छ र पर्याप्त बसोबासको अधिकारका विशेष दूतले पनि त्यस्तो पहुँचको सुविधाको व्यवस्था गर्नाले महिलाहरुलाई कस्तो तरिकाबाट सशक्त बनाउँछ र महिला र तिनका सन्तानहरुको निम्ति विभिन्न मानव अधिकारको कार्यान्वयनको प्रवर्द्धन गर्छ भनेर प्रष्ट विश्लेषण प्रदान गर्छन् । अन्तर्राष्ट्रिय कार्य संरचनाले पनि मानेको छ कि महिलाको भूमिको पहुँचमा सुधार गर्नाले साधारण अवस्थामा उनीरुको अधिकार पूरा गर्न सहयोग पुग्छ । राज्यहरु सबै अधिकारको समान र विभेदबिना सुनिश्चित गर्न जिम्मेवार छन् ।

## निचोड र सुझावहरु
### “कानुन परिवर्तन हुन्छ, मानिस मर्छन्, भूमि रहिरहन्छ ।”

### क. निष्कर्ष

अझै केही समयको लागि नेपालमा भूमिको विषय जटिल रहे छ । तैपनि यो सरकारले सम्बोधन गर्नैपर्ने विषय हो । वास्तवमा, तराईमा बस्ने व्यक्तिहरुका निम्ति भूमिको पुँचले राख्ने मानव अधिकारको प्रभाव र नतिजास्वरुपको नेपाल सरकारको अन्तर्राष्ट्रिय मानव अधिकार जिम्मेवारीहरु स्पष्ट छन् । त्यसमाथि भूमिको पहुँचमा कार्य गर्न नेपालमा अन्य कारणहरु पनि छन् । एक भूमि अधिकारवादीका अनुसार, “राजनीतिक अस्थिरता त छ तर सामाजिक न्यायबिना भएको र नभएकाहरु बीचको द्वन्द्व समाप्त हुने छैन । हामीकहाँ  दसवर्षे सशस्त्र द्वन्द्व भयो र अहिले प्रजातन्त्र भएकाले हामी आशावादी छौं । तर भूमि सुधार र सामाजिक न्यायका यी विषयहरुको समाधान नगरेसम्म शान्ति हुने छैन ।

### ख. सुझावहरु

१. नेपाल सरकारलाई

*संवैधानिक सुझावहरु :* नेपाल सरकारले आफ्नो अन्तिम संविधानको भाग ४ र भाग तीनको फरक स्पष्ट पारेर बलियो नीति पारित गर्न क्रियाशील हुनुपर्छ । बसोबास, खाद्य र पानीको पहुँच र समानता र गैरविभेदलाई सुनिश्चित गर्ने मानव अधिकारका जिम्मेवारीहरु त्यही वा अदालतमा लागू हुन सक्ने गरी भाग ३ मा सारिनु पर्छ ।

*न्यायपालिका सुझावहरु :* सरकारले १९६४ को भूमि सुधार ऐन पुनरावलोकन गर्नुर्प र दर्ता नभएका मोहीहरुको पहिचान र सबै मोहीहरुका लागि सुरक्षित उपभोगको संरक्षण गर्ने नीतिहरु समावेश गर्नुपर्छ । निश्चित रुपमा भूमि ऐनहरुले अतिक्रमणबटा सुरक्षाहरु र शक्तिशाली बनाएर भूमि प्रमाणपत्रबाहेक मोहियानी सुरक्षाको अन्य प्रक्रियाहरुको पहिचान गर्नुपर्छ । बलपूर्वक अतिक्रमण विरुद्ध बलिया सुरक्षाहरु भूमि ऐन वा छुट्टै विधानमा अवलम्बन गरिनु पर्छ र स्थानीय, क्षेत्रीय र केन्द्रीयस्तरमा निरीक्षण हुनुपर्छ ।

*नीतिगत सुझावहरु :* उच्चस्तरीय भूमि सुधार र भूमिहीनता आयोगहरुलाई पुनर्विचार र आफ्ना कार्य गर्न स्पष्ट आदेश र न्यायिक अधिकार प्रदान गरिनु पर्छ । यसलाई थप समावेशीकरण बनाइनु पर्छ र आयोगहरुलाई नेपालको जनसंख्यासँग जोडिन निमन्त्रित गर्नुपर्छ । योसँग भूमिहीन र दलित आयोगहरुसँग प्रतिक्रिया गर्न वृहत् शक्ति हुनुपर्छ । मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय मानव अकिार कार्य संरचनाको भूमिको स्थान र भूमि पहुँच पुनर्विचार गर्न आदेशहरु अवलम्बन गर्नुपर्छ । आदेशले भूमिबाट प्रभावित सम्भावित अधिकारका सान्दर्भिक भागहरुलाई महत्व दिनुपर्छ र राज्यको सम्बन्धित जिम्मेवारीमा केन्द्रित हुनुपर्छ ।

२. नेपाली नागरिक समाजलाई

भूमिको पहुँचले नेपालमा वृहत् अधिकार र सामाजिक विषयमा असर गर्ने कुरा जानेर आर्थिक र सामाजिक साथसाथै नागरिक र राजनीतिक अधिकारहरुको निम्ति कार्य गरिरहेका नागरिक समाजका नेताहरुले आफ्नो वार्षिक कार्यक्रमहरुमा भूमि पहुचलाई महत्व दिनुपर्छ । निश्चित रुपमा विभेदविरुद्ध लक्षित कार्यक्रमहरुले विशेष गरी कसरी संवेदनशील र परिवर्जित जनसंख्याहरुले माइक्रो-फाइनान्स कार्यक्रमहरुसहितको प्राकृतिक स्रोत र ऋणहरुको पहुँच पाउन सक्छन् भन्ने कुरामा जोड दिनुपर्छ । राष्ट्रिय मानवअधिकार आयोगले सामाजिक-आर्थिक अधिकारहरुसँग सम्बन्धित स्थानीय नागरिक समाजका कार्यहरु परिचालन गर्नुपर्छ ।

अनुदार दाता समुदायहरुले आर्थिक र सामाजिक अधिकारहरुमा केन्द्रित कार्यक्रमहरुलाई सहयोग गर्नुपर्छ र विशेष रुपमा विद्यमान संक्रमणकालीन न्यायिक विशेषताहरुभित्र ती अधिकारहरुको स्थानलाई महत्व दिनुपर्छ ।

३. अन्तर्राष्ट्रिय समुदायलाई

अन्तर्राष्ट्रिय समुदायले नेपालमा आर्थिक र सामाजिक अधिकारहरुका कार्यक्रमहरु वृद्धि गर्नुपर्छ। र, विशेष रुपमा OHCHR मा सहित संक्रमणकालीन न्यायिक कार्यक्रमहरुमा ती अधिकारहरुको भूमिका निरीक्षण गर्नुपर्छ। OHCHR र मानव अधिकार आयोगका अन्तर्राष्ट्रिय अग्रणीहरुले भूमि पहुँचले मानव अधिकारका वृहत् क्षेत्रमा प्रभाव पार्ने र व्यक्तिको मानव अधिकारका रुपमा पहिचान गरिनु पर्ने जनाएको पर्याप्त बसोबासको अधिकार र खाद्यको अधिकारका विशेष दूतहरुले तयार पारेको निष्कर्षलाई समर्थन गर्नुपर्छ।

❑❑